# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## जयपृथ्वी नगरपालिका

बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## जयपृथ्वी नगरपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## जयपृथ्वी नगरपालिका

बझाङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ५४८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगरप्रमुखज्यू,
जयपृथ्वी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड ३६ लाख १५ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १ लाख ९१ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ११ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४४ लाख १८ हजार, नियमित गर्नुपर्ने रु २ करोड ६९ लाख ७ हजार र पेश्की रू. ९ लाख ७३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १४ करोड ५० लाख ४९ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट भएको र यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १८ करोड ५४ लाख ३४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

जयपृथ्वी नगरपालिका, बझाङ

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६५ | ८६ | ४३६१५ | ० | ३ | १९१ | ६५ | ८३ | ४३४२४ | ११२६ | २६९०७ | १४४१८ | ० | ० | ४१३२५ | ९७३ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

(रु.हजारमा)

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ६४.३ | smnh road map कार्यक्रममा नर्मसमा उल्लेख नभएको रकम असुल भएको | १४ |
| २ | ७१.२ | महालक्ष्मि विकास वैंकको रिभर्स फिड अनुसार बाँकि रकम वितरण गरेको प्रमाण पेश भएको | १५७ |
| ३ | २९ | कल्पना देवि जोशिको पेश्कि फस्यौंट | २० |
| | | जम्मा | १९१ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| जयपृथ्वी नगरपालिका, बझाङ | १४५०४९ | ० | ३०३९ | १४२०१० | ० | ४३४२४ | १८५४३४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : जयपृथ्वी नगरपालिका, बझाङ , जयपृथिवी नगरपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अम्मर राज जोशी | २०७८-११-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Mangal Bahadur Shahi | २०७७-४-१ | २०७८-११-३ |
| लेखा प्रमुख | गोविन्द बहादुर विष्ट | २०७८-१-२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४३,४२३,६०५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२,४०,८५,०३५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५,६२,५२,००० | **चालु खर्च** | ३७,०४,३३,६९९.४३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५५,१९,००० | **पूँजीगत खर्च** | २३,१४,४१,७३८.६ |
| **राजश्व बाँडफाँट** | ७,७३,९८,६६५.९७ | **वित्तीय/अन्य व्यवस्था** | १३,९०,२८,७८८.१६ |
| **आन्तरिक आय** | ९०,१७,९४४.५२ | | |
| **अन्य आय** | १२,०५,४९,१९६.५९ | | |
| **कुल आय** | ६९,८७,३६,८०७.०८ | **कुल खर्च** | ७४,०९,०४,२२६.१९ |
| **बाँकी मौज्दात** | | ८,१९,१७,६१५.८९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५६ सभा सदस्य, १६६.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार १९१ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुलि** दैनिक भ्रमण भत्ता भुक्तानि भएको अवधिको स्थानिय भत्ता रु ८९६५६ तथा पारिश्रमिक कर वापतको रु ८८२ समेत जम्मा रु ९०५३८।०० असुलि भई राष्ट्रिय वाणिज्य वैंक राजस्व शिर्षक नं १५१११ मा दाखिला भएको छ । | |
| ३ | | | **वित्तिय विवरण विश्लेषण** | |
| ३.१ | | | **वित्तीय विवरण—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। | |
| ३.२ | | | **आयव्यय विवरण** | |

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 124085035.00 | १ | चालु खर्च | 370433699.43 | 370433699.43 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) नगद | | | २ | पूँजीगत खर्च | 231441738.60 | 231441738.60 |
| | ख) बैक | 0.00 | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | संचितकोषको | 103716534.47 | | ४ | सामाजिक सुरक्षा | 91654768 | 91654768 |
| | कार्यसंचालन कोष | 14673351.76 | | ५ | गरिवसंग विसेश्वर कार्यक्रम | 464000 | 464000 |
| | विविध खर्च खाता 879306.63 | | | ६ | प्रकोप व्यवस्थापन | 2370414 | 2370414 |
| | प्रकोप व्यवस्थापन 7129645.13 | | | ७ | लैगिक हिंसा निवारण कोष | 426143 | 426143 |
| | लैगिक हिंसा निवारण कोष 490000 | | | ८ | विविध खर्च खाता | 7396510.59 | 7396510.59 |
| | कर्मचारी कल्याण कोष 6174000 | | | | | | |
| | धरौटी | 5519408.77 | | | | | |
| | नगर सरसफाई कोष सुत्र वाहिर | 175740.00 | | | | | |
| २ | राजश्व (आन्तरिक आय) | | 86416610.49 | | क) ऋण भुक्तानी | 0 | 0 |
| | क) आन्तरिक राजश्व | 9017944.52 | | | ख) ब्याज भुक्तानी | 0 | 0 |
| | ख) राजश्व बाँडफाँड | 77398665.97 | | | ग) अन्य भुक्तानी | 0 | 0 |
| | ग) अन्य आय | 0 | | ४ | लगानी | 0 | 0 |
| ३ | वित्तिय हस्तान्तरण संघ | | 456252000.00 | | ऋण लगानी | 0 | 0 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तिय समानीकरण अनुदान | 132500000 | | | शेयर लगानी | 0 | 0 |
| | ख) सशर्त अनुदान | 313652000 | | | अन्य लगानी | 0 | 0 |
| | ग) समपुरक अनुदान | 5100000 | | ५ | धरौटी फिर्ता | 692599.69 | 692599.69 |
| | घ)विशेष अनुदान | 5000000 | | ६ | कोष फिर्ता | 0 | 0 |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 35519000.00 | ७ | मौज्दात संचित | | 44004354.05 |
| | क) वित्तिय समानीकरण अनुदान | 9660000 | | | क) बैंक मौज्दात | 44004354.05 | |
| | ख) सशर्त अनुदान | 8525000 | | | ख) नगद मौज्दात | 0 | |
| | ग) समपुरक अनुदान | 12334000 | | ८ | शसर्त अनुदान फिर्ता संघ तर्फ | 28621448.88 | 28621448.88 |
| | घ)विशेष अनुदान | 5000000 | | ९ | शसर्त अनुदान फिर्ता प्रदेश तर्फ | 7402904 | 7402904 |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | 0 | | १० | धरौटी मौज्दात | 7177050.24 | 7177050.24 |
| ६ | अन्य | | 22995169.43 | ११ | कोष खाताको मौज्दात | 30736211.60 | 30736211.60 |
| | क) पि एल जी यस पी | 540067.19 | | | विविध खर्च खाता | 16470865.45 | 0 |
| | ख) सडक पर्यटन बोर्ड नेपाल | 3530198 | | | प्रकोप व्यवस्थापन | 4851731.15 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) सि एम सी नेपाल | 1270054 | | | लैगिक हिंसा निवारण कोष | 63875 | |
| | घ) युनिसेफ नेपाल | 4249996.53 | | | कर्मचारी कल्याण कोष | 9174000 | |
| | ङ) जिल्ला समन्वय समिति | 1745532.85 | | | नगर सरसफाई कोष सुत्र वाहिर | 175740 | |
| | च) अन्य रजिष्ट्रेसन | 10859320.86 | | | | | |
| | छ) प्रगतिशिल | 800000 | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | 3085000 | | | | |
| | क) कर्मचारी कल्याण कोष | 3000000 | | | | | |
| | ख) प्रकोप ब्यवस्थापन कोष | 85000 | | | | | |
| ८ | जनसहभागिता (नगद) | 0 | 0 | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | 0 | 0 | | | | |
| १० | धरौटी आय | 2350241.16 | 2350241.16 | | | | |
| ११ | लगानीको साँवा फिर्ता | 0 | 0 | | | | |
| १२ | स्थानीय पूर्वाधार | 0 | 0 | | | | |
| १३ | सामाजीक सुरक्षा | 91654786 | 91654786 | | | | |
| १४ | गरिवसंग विसेश्वर कार्यक्रम | 464000 | 464000 | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | 822821842.08 | 822821842.08 | | जम्मा | 822821842.08 | 822821842.08 |

३.३

**बैक हिसाब मिलान—** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेहुन्छ ।प्राप्त विवरण अनुसार स्रेस्ता र बैङ्क अनुसारको मौज्दात निम्नानुसार देखियो । जस अनुसार आषाढ ३२ सम्मको बैंक स्टेटमेन्ट अनुसार बैंक बाँकी रु .८४५५७४०३।२९ देखिन्छ । श्रेस्ता भन्दा बैंक रु .२७०९७८६।९५ बढी देखिएकोमा चालु खाता र पुजिगत खाताको सञ्चित कोषमा जम्मा मिलान गर्न बाँकि र चेक साट्न बाँकि समेत रु २७०९७८६।९५ को लगायतको हिसाब मिलान विवरण पेश गर्नुपर्दछ ।

| सि नं | खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी | कैफियत |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | ४४००४३५४।५ | ७५२२७२१।४४ | ३६४८१६३३।०६ |
| २ | चालु खाता | ० | ३७९८१०५२।१४ | ३७९८१०५२।१४ |
| ३ | पूँजीगत खाता | ० | ७६३०८२।८७ | ७६३०८२।८७ |
| ४ | मर्मत खाता | 0 | 0 | ० |
| ५ | कल्याण कोष तथा विविध कोष खाता | ९२३७८७५ | ९२३७८७५ | ० |
| ५ | प्रकोप व्यवस्थापन कोष खाता | ४८५१७३१।१५ | ५२९९०१६.१५ | ४४७२८५ |
| ६ | विविध खर्च खाता | १६४७०८६५ | १६४७०८६५ | ० |
| ८ | नगर सरसफाई कोष खाता | १७५७४० | १७५७४० | ० |
| ९ | धरौटी खाता | ७१०७०५०।२४ | ७१०७०५०।२४ | ० |
| | जम्मा | ८१८४७६१६।३४ | ८४५५७४०३।२९ | २७०९७८६।९५ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मानगरपालिका तथा पालीकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• नगरपालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरु को विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• नगरपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरु मा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।<br>• शिर्षक फरक पारी खर्च लेख्ने गरेको<br>• अनुगमन मुल्यांकन शिर्षकमा खर्च गरेकोमा आंशिक रु पमा मात्र भ्रमण प्रतिवेदन पेश भएको छ । तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरु मा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष नगरपालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यनगरपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ६ | | | **आन्तरिक लेखापरीक्षण शाखा:** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएबमोजिम आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छ । नगरपालिकाले नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगराई आर्थिक वर्षको अन्तमा मात्र आन्तरीक लेखापरीक्षण गराएको छ । समयमा आन्तरीक लेखापरीक्षण नगर्दा लेखा सम्वन्धी समयमै सुधारका विषय यकिन गर्न नसकि वर्षेनि वेरुजुको आकार बढ्ने हुन्छ । आन्तरिक लेखापरीक्षणको प्रभावकारीताको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ आन्तरिक लेखापरीक्षण शाखा प्रभावकारी वनाई आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | | | **कानुन र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको मा यस नगरपालिकाले हालसम्म १६ वटा ऐन, ५ वटा नियमावली, ३२ वटा कार्यविधि लगायत १२ वटा अन्य कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ८ | | | **कार्यसञ्चालन कार्यविधि** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई कार्यक्रम संचालन गर्दै आएको छ । नगरपालिका सभाबाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |
| ९ | | | **अनुदान प्राप्ति वितरण र फिर्ता** | |
| ९.१ | | | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | कैफीयत रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 313652000 | 288923986।12 | 25104978।88 | |
| | विषेश | 5000000 | 2199030 | 2800970 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | समपुरक | 5100000 | 4384500 | 715500 | |
| प्रदेश सरकार | शसर्त | 8525000 | 8522371 | 2629 | |
| | विषेश | 5000000 | 4342293 | 657707 | |
| | समपुरक | 12334000 | 5591432 | 6742568 | |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ९.१.१ | | ० |

९.२ **समपुरक अनुदान :** संघ तथ प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७७ को दफा ६ अनुसार समपुरक अनुदानवाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ । पालिकाले यो वर्ष संघ तथा प्रदेश सरकारबाट ५०/५० को मिश्रित अनुपातमा कार्यान्वयन हुने गरि निम्नानुसार अनुदान प्राप्त भई खर्च भएको छ । खर्च भएको सो रकममा पालिकाको आफ्नो अंश समावेश नगरी अनुदानको रकम मात्र खर्च भएको हुँदा ५० प्रतिशतले हुने अंश रू ४९८७९६६।०० कटाई बाकी रकम संघ तथा प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु ४,९८७,९६६

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | ५० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| संघीय सरकार | समपुरक | ५१०००००० | ४३८४५०० | २१९२२५० |
| प्रदेश सरकार | समपुरक | १२३३४००० | ५५९१४३२ | २७९५७१६ |
| | | जम्मा | | ४९८७९६६ |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ९.२.१ | पालिकावाट समपुरक अनुदानको अंश फिर्ता | ४९,८७,९६६ |

| | | | | |
|---|---|---|---|---|
| ९.३ | | | **अनुदानको अनुगमन —** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ,प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९.४ | | | **अनुगमन प्रतिवेदनः** विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को वुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिती समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरु को अनुगमन समितीले प्रतिवेदन तयार गरी समवन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवसथा रहेको छ । कार्यालयले यस्तो प्रतिवेदन तयार पारी सम्वन्धित कहाँ पेश गरेको देखिएन। | |
| १० | | | **खर्च व्यवस्थापन** | |
| १०.१ | | | **बजेट पेश,पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यनगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगरपालिका उपमेयर ले २०७८/०३/१० गते रु .५१ करोड ५३ लाख को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १०.२ | | | **अबण्डा बजेट—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु . १ करोड ५० लाख अबण्डा राखेको विवरण पेश गरेकोमा उक्त अबण्डा रकम नगर कार्यपालिकाको २०७८।१२।२३ को निर्णयबाट पुजीगतर्फ शीर्षकमा रु. १ करोड ५० लाख बजेट व्यवस्था गरी खर्च गरेको विवरण पेश गरेको छ । बजेट अबण्डमा राखी नगरकार्यपालिका को निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| १०.३ | | | **चौमासिक खर्च -** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (९) बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३५ (१) बमोजिम चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक वर्षको अन्तिममा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | 370433699 I 43 | 89477350 I 20 | 105522837 I 36 | 175433511 I 87 | 88998620 I 39 |
| पूँजिगत खर्चतर्फ | 231441738 I 60 | 15407099 I 61 | 21613104 I 41 | 194421534 I 58 | 93305940 I 96 |
| जम्मा | 601875438 I 03 | 104884449 I 81 | 127135941 I 77 | 369855046 I 45 | 182304561 I 35 |
| प्रतिशत | 87.77 | 15.29 | 18.54 | 53.94 | 26.58 |

| | | | | |
|---|---|---|---|---|
| १०.४ | | | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 63937500 | 55918463 I 96 | 9.32 |
| २ | पूर्वाधार विकास | 129534098 I 04 | 99287933 I 43 | 18.89 |
| ३ | सामाजिक विकास | 371515736 I 43 | 337364070 I 42 | 54.18 |
| ४ | बातावरण तथा विकास | सुशासन भित्र | सुशासन भित्र | सुशासन भित्र |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 12684000 | 8211565 I 99 | 1.84 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 108038200 | 101093404 I 23 | 15.75 |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्चमध्ये सबैभन्दा बढी कार्य सामाजिक विकासमा ५४ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकासमा ९।३२ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य

<table>
<tr><td></td><td></td><td></td><td>र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.५</td><td></td><td></td><td>योजना र कार्यान्वयन— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरु को सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>१५५</td></tr>
<tr><td>२</td><td>रु एक लाख देखि दुई लाख सम्मका योजना</td><td>१२९</td></tr>
<tr><td>३</td><td>रु दुई लाख देखि पाँच लाख सम्मका योजना</td><td>२०७</td></tr>
<tr><td>४</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>७६</td></tr>
<tr><td>५</td><td>दश लाख देखि ५० लाख सम्मका योजना</td><td>४८</td></tr>
<tr><td>६</td><td>५० लाख बढीका योजना</td><td>७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.६</td><td></td><td></td><td>बर्षान्तमा रकमान्तरः स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार नगरपालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ । तदनुरुप नगरपालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकीएको कार्यक्रम सञ्चालन गर्नु पर्नेमा यस नगरपालिकाले २०७९ आषाढमा आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस नगरपालिकाको दोश्रो सभाको को निर्णयवाट विभिन्न ४० योजनामा रु १,०२,९५,०००।०० रकमान्तर गरी खर्च गरेको देखियो । यसरी शुरु मा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको पाईयो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>खर्च विश्लेषण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ११.१ | | | **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष नगरपालिकाको कूल आन्तरिक आय रु. ९०१७९४४।५२ देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु .१०१०९३४०४।२३ रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च बीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा १२ गुना वढी रहेको छ । साथै नगरपालिकाको यो वर्षको कुल जम्मा खर्च रु ६०१८७५४३८।०३ रहेकोले उक्त खर्च आन्तरिक आयको ६७ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम नगरपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दै सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ. । | |
| ११.२ | | | **खर्च बिश्लेषण—** नगरपालिकाले यस बर्ष कुल आन्तरिक आय रु ९०१७९४४।५२, राजस्व बाँडफाँड ७७३९८६६५।९७ र अनुदानबाट रु ४५५७४६६४७।१२ गरी जम्मा रु ५४२१६३२५७।६१ आम्दानी भएकोमा चालु तर्फ रु ३७०४३३६९९।४३ र पूँजिगत तर्फ रु २३१४४१७३८।६० गरी रु ६०१८७५४३८।०३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु .१०२५८७४४।३३।०० खर्च भएको छ जुन आन्तरिक आयको १।१४ गुणा रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८ प्रतिशत चालु र ३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ११.३ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च—** पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरु त्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट आर्थिक सहायता लगायत भनी विभिन्न व्यक्तिहरु लाइ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११.४ | | | **नाफामूलक संस्थालाई सहायता तथा अनुदान** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान तथा सहायता उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले अनुदान नै दिनेगरी कार्यक्रम निर्माण गरी निम्नानुसारमा यो वर्ष पनि कार्यालय व्यवस्थापन लगायतमा लागि रु ३० लाख अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

| सि नं | संस्थाको नाम | रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सहारा बचत तथा ऋण सहकारी | १७००००० | कार्यालय व्यवस्थापनका लागि सहयोग |
| २ | पञ्चदेव महिला सहकारी | ५००००० | |
| ३ | पोषणका लागि सर्वोत्तम पिठो उत्पादन पञ्चदेव सहकारी | ३००००० | |
| ४ | भवानि महिला बचत सहकारी | १००००० | |
| ५ | महिला कल्याण बचत सहकारी | १००००० | |
| ६ | एकिकृत वचत तथा ऋण सहकारी | १००००० | |
| ७ | जालपा कृषि सहकारी | १००००० | |
| ८ | नानमदेव महिला कृषक सहकारी | १००००० | |
| | जम्मा | ३००००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ११.५ | | | **अनुत्पादक खर्च–** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस नगरपालिकाले नगरपालिकामा सञ्चालन हुने मस्टा मन्दिर पुजा तथा मेला जात्रा व्यवस्थापनमा रु २०००००।०० विनियोजन गरेकोमा रु ८५०००।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १२ | | | **बार्षिक खरिद योजना/गुरु योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु २३ करोड १४ लाख पूँजीगत खर्च गरेको छ । नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरु योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १३ | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | **जिन्सी निरीक्षण प्रतिबेदन :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०३ मा जिन्सी निरीक्षण तथा बरबुझारथ सम्बन्धि व्यावस्था छ । नियमावलीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उपनियम २ का कुराहरु खुलाउनुपर्ने व्यवस्था छ ।तर कार्यालयले जिन्सी निरीक्षण गराएको देखिएन । यसमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा जिन्सी खाता माग गर्दा सफ्टवेयरमा राख्ने गरेको जवाफ प्राप्त भएको र सफ्टवेयर देखाउन अनुरोध गरेकोमा सो समेत देखाइएन । साथै उक्त सफ्टवेयरबाट प्राप्त प्रतिवेदनहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन गर्न सकिएन । यस सम्वन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्दछ । | |
| १४ | | | **कर्मचारी व्यवस्थापन र सेवा प्रवाह** | |
| १४.१ | | | **कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न १२ पदमा अस्थायि ११ जना समेत ९८ जना कर्मचारीहरु करारमा राखी रु .२०४३८०८०।०० खर्च लेखेको छ ।<br>स्विकृत दरवन्दि र दरवन्दि वाहिरका करार तर्फका कर्मचारीको विवरण पेश नभएकोले दरवन्दि वाहिरका करार कर्मचारीको तलव भत्ता विश्लेषण गर्न सकिएन । स्वास्थ्य तर्फका दरवन्दि भन्दा वाहिरका १० जना स्थायी कर्मचारीलाई वार्षिक रु ५५३२०७२।०० तलव भत्ता खर्च लेखेको विवरण पेश भएको छ । यसरी दरवन्दि भन्दा बढी कर्मचारी राखी तलव भत्ता खर्च लेख्नु नियमसम्मत नदेखीएको रु | ५,५३२,०७२ |
| १४.२ | | | **कल्याणकोष–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले हाल कल्याण कोषमा रु ३००००००।०० वजेट कायम भएकोमा खर्च गरेको छैन । कानूनको व्यवस्था परिपालनामा नगरपालिका जिम्मेवार वन्नुपर्ने देखिन्छ। | |
| १४.३ | | | **सेवाप्रवाहको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष नगरपालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :<br><table><tr><td>विवरण</td><td>निवेदन दर्ता</td><td>सिफारिस भएको संख्या</td></tr><tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td></td><td></td></tr><tr><td>पञ्जिकरणतर्फ</td><td></td><td></td></tr></table> | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>जन्मदर्ता</td><td>१५६८</td><td>१५६८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१९६</td><td>१९६</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१२०</td><td>१२०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१८४</td><td>१८४</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२</td><td>२</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td></td><td></td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td></td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td></td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td><td></td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।
</td>
<td></td>
</tr>
<tr>
<td>१४.४</td>
<td></td>
<td></td>
<td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ।</td>
<td></td>
</tr>
<tr>
<td>१५</td>
<td></td>
<td></td>
<td>जिन्सी सामान फिर्ता नभएको: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०३ मा जिन्सी बरबुझारथ सम्बन्धि व्यवस्था छ । देहाय बमोजिमका पदाधिकारीहरु को पदावधि समाप्त भई हाल नयाँ पदाधिकारीहरु ले पदभार सम्हाली सकेको अवस्थामा साविक पदाधिकारीहरु ले बुझिलिएका जिन्सी माल सामान हालसम्म पनि फिर्ता नभएकोले पदाधिकारी तथा कर्मचारीवाट समेत अविलम्ब फिर्ता हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td>
<td>५७५,७९२</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सि.न.</td><td>पदाधिकारीको नाम</td><td>जिन्सीको विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>वडा नं ५ अध्यक्ष डम्मर वहादुर सिंह</td><td>मोटरसाईकल</td><td>२४९९००</td></tr>
<tr><td>२</td><td>नगरप्रमुख विरेन्द्रवहादुर खड्का</td><td>डेल आई फाईव ल्यापटप</td><td>१३७८६०</td></tr>
<tr><td>३</td><td>वडा नं ९ अध्यक्ष बजिरवहादुर खड्का</td><td>डेल आई थ्रि ल्यापटप</td><td>७६१६२</td></tr>
<tr><td>४</td><td>शिक्षा संयोजक खगेन्द्रप्रसाद जोशि</td><td>डेल ल्यापटप</td><td>१११८७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५७५७९२</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>विपत व्यवस्थापन</td><td></td></tr>
<tr><td>१६.१</td><td>६०८</td><td>२०७९-३-१७</td><td>कार्य सम्पन्न प्रतिवेदन वडा न २ को कार्यालयको विपद व्यवस्थापन शीर्षकबाट टँकी स्टेन्ड, ड्रम लगायतका सामान खरीद गरेको विल संलग्न गरी २ न वडा अध्यक्ष शुक्रराज जोशीलाई रु १,५०,०००। भुक्तानी गरेको छ । विपद व्यवस्थापनको रकमबाट उक्त सामान खरिद गर्न पर्नाको कारण स्पष्ट गरेको छैन ।साथै उक्त सामान कहाँ प्रयोग भए सो को लागत अनुमान,प्राविधिक मुल्याकन तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु १,५०,०००</td><td>१५०,०००</td></tr>
<tr><td>१६.२</td><td>४२९</td><td>२०७९-२-११</td><td>विपद् व्यवस्थापनः वडा नं ९ विपद व्यवस्थापन कार्यक्रमबाट वडा न ९का अध्यक्ष श्री वजीर बहादुर खडकालाई रु १,००,०००।- भुक्तानी गरेको छ । श्रेस्ता साथ विभिन्न ९ जनालाई ५१,०००।- आर्थिक सहायता दिएको भरपाई तथा एच डी पी पाइप खरिद ६०० मी रु २५,०८६।- र वाकी २३,९११।- का खाना/ खाजा विल भरपाई सलग्न गरेको छ । वितरण गरिएको रकम क- कसलाई दिने निर्णय, खरिद गरेको पाइप प्रयोगको अवस्था लगायतको पुस्टयाइ गर्ने प्रमाण कागजात पेश नभएको रु</td><td>१००,०००</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>धरौटीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४(१) मा कार्यालयले धरौटी कोषमा जम्मा गरेको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ । साथै नियम ६८(घ) मा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको धरौटी रकम कार्यालयले राजस्व खातामा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको धरौटीको नाम नामेसी विवरणमा कुन कुन व्यक्ति वा संस्थाको खुलाई राख्नु पर्नेमा नाम नामेसी विवरण पेश नभएकोले यकिन गरी नाम नामेसी विवरण पेश गर्ने अन्यथा आवश्यक निर्णय गरी संचित कोष दाखीला गरी धरौटी हिसाब अध्यावधिक गर्नुपर्ने देखिन्छ । महालेखापरीक्षक कार्यालयले तोकेको म ले प फा नं हरु प्रयोग गरी आम्दानि तथा खर्चको यथार्थ विवरण तयार गर्नुपर्दछ ।<br>नगरपालिकाले देहाय बमोजिमका निर्माण व्यवसायीको नामको धरौटी फिर्ता गर्दाका करचुक्ता प्रमाण पत्रका आधारमा फिर्ता गरेको छ । यस्तो धरौटी रकम फिर्ता गर्दा सम्बन्धित निर्माण कार्यको कर समायोजन पत्रका आधारमा फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि नं</td><td>गो भौ नं</td><td>निर्माण व्यवसायी</td><td>फिर्ता रकम</td></tr>
<tr><td>१</td><td>५।१।४</td><td>जनकल्याण निर्माण सेवा</td><td>२२००७</td></tr>
<tr><td>२</td><td>११।३।२०</td><td>केपि कन्स्ट्रक्सन</td><td>४४०६२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६६०६९।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td>२१७</td><td>२०७९-१-६</td><td>फोटोकपि विल<br><br>लघुउद्यम विकास कार्यक्रम तर्फ श्री कृष्ण थपाको पेश्की फछ्र्यौट गर्दा सृजन चिउरी हर्वल उद्योगका रु १६९९५।०० र रु १७४३५।०० का दुईवटा विल पेश गरेकोमा फोटोकपी विल पेश भएकोले सक्कल विल पेश हुनुपर्ने रु</td><td>३४,४३०</td></tr>
<tr><td>१९</td><td>114</td><td>२०७९-३-१७</td><td>अनुगमन प्रतिवेदन आय आर्जनमुलक वाखा तथा वोका खरिद उपभोक्ता समितिले एल वि एल वहुउद्धेश्यिय कृषि फार्मवाट २६ वटा वाखा तथा वोका खरिद गरेकोमा रु ३९००००।०० को फोटोकपि विल पेश भएको छ । खरिद तथा वितरणका लागि ५ परिवारलाई २६ वटा वाखा वितरण गर्ने गरी सम्झौता भएअनुसारको काम सम्पन्न भए नभएको सम्वन्धमा अनुगमन प्रतिवेदन पेश नभएकोले वास्तविक खरिद तथा वितरण भए नभएको यकिन गर्न नसकिएको रु</td><td>३९०,०००</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>न्यायीक सल्लाहकार<br><br>कार्यालयबाट नियुक्त कर्मचारीहरु ले नियमित रुपमा कार्यलय समयमा कार्यालयमा आइ नियमित कार्यसम्पादन गर्नुपर्ने हुन्छ । यसरी नियमित कार्यालयमा उपस्थित भइ कार्य गर्ने कर्मचारीहरु लाई मात्र नियमित तलब उपलब्ध गराउनुपर्दछ । यस पालिकाले कार्यालयको न्यायिक कार्यमा सहयोग गर्नेगरी एक जना स्थानीय कानून व्यवसायी विरवहादुर जाग्री लाई न्यायिक सल्लाहाकारका रुपमा नियुक्त गरि मासिक रु २५०००.० का दरले तलब उपलब्ध गराउने गरेकोमा निज सल्लाहाकारको कार्यालयमा हाजिरी रेकर्ड नभएको र नियमित कार्यालयमा उपस्थित नहुने गर्नुका साथै सम्पादित कार्य विवरण समेत पेश नभएकोले निजले सम्पादन गरेको काम, उपलब्ध गराएको न्यायिक सुझाव लगाएको विवरण पेश गर्नुपर्ने रु</td><td>३२५,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>पदाधिकारी दैनिक भ्रमण भत्ता</td><td>४५६,०००</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ क बमोजिमको सुविधा मात्र पाउने व्यवस्था छ । सो अनुसार अनुसुचिको क्रम संख्या ७ मा आफ्नो स्थानिय तहभन्दा वाहिर भ्रमण गरेमा मात्र तोकिएको दैनिक भ्रमण भत्ता पाउने उल्लेख भएकोमा देहायबमोजिमका पदाधिकारीलाई आफ्नै स्थानिय तह भित्र भ्रमण गर्दा समेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा दिन मिल्ने नदेखिएको रु |

| गो भौ नं | पदाधिकारीको नाम | भ्रमण स्थान | अवधि | भुक्तानी रकम |
|---|---|---|---|---|
| २४१।१।२१ गा पा पुजिगत | ९ नं वडाध्यक्ष वजिर वहादुर खड्का | विभिन्न वडा टोलवाढि पिडित तथ्यांक संकलन | १।४ देखी १० लगायत | १६८०० |
| | वडासदस्य देवेन्द्र खड्का | विभिन्न वडा टोलवाढि पिडित तथ्यांक संकलन | ११।५ देखी ११ लगायत | १६८०० |
| | वडासदस्य सुनिता धामि | विभिन्न वडा टोलवाढि पिडित तथ्यांक संकलन | ११।५ देखी ११ लगायत | १६८०० |
| | वडासदस्य निशा तिरुवा | विभिन्न वडा टोलवाढि पिडित तथ्यांक संकलन | ७।११ देखी १७ लगायत | १६८०० |
| ५९।६।२२ गा पा चालु | वडा नं ९ अध्यक्ष वजिर व खड्का | विभिन्न वडा | ६।१६ देखि २२ | ७५०० |
| १३३।११।९गा पा चालु | कार्यपालिका सदस्य प्रकाश वि क | वडा भ्रमण | ११।५ देखी ११ | १५०० |
| | | | ९।१ देखी ९।६ | |
| | वडा नं २ अध्यक्ष शुक्र जोशि | वडा भ्रमण | १०।६ देखी १२ | २२५०० |
| | | | १०।२२ देखि २८ | |
| | | | ११।३ देखि ९ | |
| | वडा नं ३ अध्यक्ष कमल ओलि | वडा भ्रमण | ८।५ देखि ११ | ७५०० |

| | | | | |
|---|---|---|---|---|
| | वडा नं ५ अध्यक्ष डम्मर वहादुर सिंह | वडा भ्रमण | ८।२२देखि २८ | ३७५०० |
| | | | ९।३ देखि ८ | |
| | | | ९।२० देखि २६ | |
| | | | १०।११ देखि १७ | |
| | | | ११।२ देखि ८ | |
| ४४५।२।१२ गा पा चालु | ७ नं वडा सदस्य चुफि सार्कि | वडा भ्रमण | १२।१ देखि ७ | ३०००० |
| | | | १।५ देखि ११ | |
| | | | ७।३० देखि ८।६ | |
| | | | ६।३० देखि ६।६ | |
| | वडा नं ७ सदस्य रंगलाल वोहरा | वडा भ्रमण | २।१ देखि ७ | ३०००० |
| | | | १।५ देखि १२ | |
| | | | ७।३० देखि ८।६ | |
| | | | ६।३० देखि ७।६ | |
| | वडा नं ७ सदस्य गंगा राणा | वडा भ्रमण | १२।१ देखि ७ | २२५०० |
| | | | ६।३० देखि ७।६ | |
| | | | १।५ देखि १।१२ | |
| | वडा नं ७अध्यक्ष हरिचन्द्र जोशि | वडा भ्रमण | १२।१ देखि ७ | १५००० |
| | | | ६।३० देखि ७।६ | |

| | | | | |
|---|---|---|---|---|
| ६६३।२।१३ गा पा चालु | वडा नं ८ सदस्य नवराज जोशि | वडा भ्रमण | ९।६ देखि १२ | ७५०० |
| | वडा नं ८ सदस्य खडकवहादुर विष्ट | वडा भ्रमण | ११।१७ देखि २३ | ७५०० |
| | वडा नं ८ सदस्य जानकि बम्म | वडा भ्रमण | १२।७ देखि १३ | ७५०० |
| | वडा नं ८ महिला सदस्य सावि कामि | वडा भ्रमण | ११।१४ देखि २० | ७५०० |
| | वडा नं ८ अध्यक्ष नवराज कोईराला | वडा भ्रमण | १०।१२ देखि १८ | ३०००० |
| | | | ११।१४ देखि २० | |
| | | | १२।४ देखि १० | |
| | | | १।५ देखि ११ | |
| ५३६।३।७ गा पा चालु | वडा नं ११ अध्यक्ष केशवहादुर रोकाया | वडा भ्रमण | ७।५ देखि११ | १५००० |
| | | | ११।१५ देखि २१ | |
| | वडा नं ११ सदस्य राजेन्द्रवहादुर खड्का | वडा भ्रमण | ७।५ देखि ११ | १५००० |
| | | | ११।१५ देखि २१ | |
| | वडा नं ११ सदस्य भक्तराज जोशि | वडा भ्रमण | ७।५ देखि ११ | १५००० |
| | | | ११।१५ देखि २१ | |
| | | वडा भ्रमण | ७।५ देखि ११ | १५००० |

| | | | | |
|---|---|---|---|---|
| | वडा नं ११ सदस्य पद्मादेवि सार्कि | | ११।१५ देखि २१ | |
| | वडा नं ११ सदस्य शिला खाति | वडा भ्रमण | ७।५ देखि ११ | १५००० |
| | | | ११।१५ देखि २१ | |
| ७४९।३।२१ गा पा चालु | नगरप्रमुख चेतराज वजाल | वडा भ्रमण | २।११ देखि १७ | १०००० |
| | उपप्रमुख रतनवहादुर सिंह | वडा भ्रमण | २।११ देखि १७ | २०००० |
| | | | ३।१३ देखि १९ | |
| | कार्यपालिका सदस्य सविता खड्का | वडा भ्रमण | १२।१५ देखि २१ | १५००० |
| | | | १।१३ देखि १९ | |
| ४१।२।११ संघ सशर्त | नगरप्रमुख विरेन्द्र खड्का | वाखा पकेट वडा १० भ्रमण | १।२ देखि ६ | ७४०० |
| | नगर उपप्रमुख जुना जाग्रि | वाखा पकेट वडा ३ भ्रमण | १।२ देखि ६ | ७४०० |
| १२०।३।२५ | नगरप्रमुख विरेन्द्र खड्का | सुयलमयाना वडा ११ भ्रमण | १।१५ देखि २१ | १०००० |
| | | कैलास वडा १ भ्रमण | १२।४ देखि १० | १०००० |
| जम्मा | | | | ४५६०००।०० |

| | | | | |
|---|---|---|---|---|
| २२ | | | | |
| २२.१ | | | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त | |

स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा १ करोड २ लाख ५८ हजार ७४५ खर्च लेखेको देखिन्छ।

२२.२ पालिकाले नगरप्रमुख र नगरप्रमुखको क्वार्टर भाडा वापत रु २२०००८।०० खर्च लेखेको छ । त्यसैगरी उपमेयर क्वार्टर व्यवस्थापन खर्च वापत नानन फर्निचर उद्योगवाट रु २२९९४७।०० खर्च लेखेको र आ व २०७८।७९ को अन्य वाँकि खर्च भुक्तानि गर्न वाँकि रहेको पालिकाले जनाएको छ । यसप्रकारको खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

२२.३ **जनप्रतिनिधिहरु मार्फत कार्यक्रम सञ्चालन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १६ (४) (ग) मा वडा अध्यक्षको काम कर्तव्य र अधिकार तोकिएको छ । वडाध्यक्षको काम कर्तव्य र अधिकारको बुँदा नं. ३ मा वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा पालिकामा पेश गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ । त्यसै गरी बुँदा नं. ४ मा वडामा कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्यिन गर्ने गराउँने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने गराउने काम, कर्तव्य र अधिकार तोकिएको छ । लेखापरीक्षणको लागि छनोट गरिएका भौचरको आधारमा परीक्षण गर्दा देहाय अनुसार वडाध्यक्षले योजना तथा कार्यक्रम सञ्चालनका लागी पेश्कि लिइ कार्यक्रम सञ्चालन गर्ने गरेको देखियो । कानूनले नै कार्यक्रम कार्यान्वयनको अनुगमनको विशिष्ट जिम्मेवारी दिएका निर्वाचित जनप्रतिनिधिहरुले स्वयम कार्यक्रम सञ्चालन गरी भुक्तानी लिदा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुनुका साथै कार्यक्रम कार्यान्वयन पक्षको निश्पक्ष अनुगमन नहुन सक्छ । यस्तो कार्यलाइ नियन्त्रण गरीनु पर्दछ ।

| सि.न. | पदाधिकारी को नाम थर पद | पाएको पेश्कि रकम | | जम्मा पेश्की फसौंट | बाकि रकम |
|---|---|---|---|---|---|
| | | गत बिगतको | यस बर्षको | | |
| १ | वडाअध्यक्ष श्री गगन बहादुर खाती | ५५२०० | ८५००० | १४०२०० | ० |
| २ | वडाअध्यक्ष श्री शुक्रराज जोशी | १८२२०० | ० | १८२२०० | ० |
| ३ | वडाअध्यक्ष श्री कलक बहादुर ओली | ५५२०० | ० | ५५२०० | ० |
| ४ | वडाअध्यक्ष श्री बजिर बहादुर खडका | ३०००० | १००००० | १३०००० | ० |
| ५ | वडाअध्यक्ष श्री गगन बहदुर सिह | ५५२०० | ० | ५५२०० | ० |
| ६ | वडाअध्यक्ष श्री डम्मर बहादुर सिह | ३५७२०० | १००००० | २५५२०० | २०२००० |
| ७ | वडाअध्यक्ष श्री नरेन्द्र बहादुर सिह | ५५२०० | ० | ५५२०० | ० |
| ८ | वडाअध्यक्ष श्री दल बहादुर बिष्ट | २५२०० | ० | ० | २५२०० |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>९</td><td>वडाअध्यक्ष श्री नवराज कोइराला</td><td>५५२००</td><td>०</td><td>५५२००</td><td>०</td></tr>
<tr><td>१०</td><td>वडाअध्यक्ष श्री हरिचन्द्र जोशी</td><td>१२३०२००</td><td>०</td><td>१२३०२००</td><td>०</td></tr>
<tr><td>११</td><td>वडाअध्यक्ष श्री केश बहादुर रोकाया</td><td>५५२००</td><td>०</td><td>५५२००</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१५६०००</td><td>२८५०००</td><td>२२१३८००</td><td>२२७२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.४</td><td>५</td><td>२०७८ -९-९</td><td>प्रशिक्षक भत्ताः गो भौ नं ५।९।५ विविध तर्फ} अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ अन्तर्गत ४ ख मा नगरपालिका स्तरमा सञ्चालन हुने अन्य तालिमका प्रशिक्षकलाई कार्यपत्र वाफत रु ८०० र कक्षा सञ्चालन बाफत रु ७०० गरी प्रति शेषन रु १५०० दिन मिल्ने व्यवस्था न्यायिक समिति सदस्य क्षमता अभिवृद्धि तालिम सञ्चालनको लागि अनुजा जोशिको पेश्कि फछ्र्यौट् तथा भुक्तानि गर्दा श्रोतव्यक्ति वाट कार्यपत्र समेत रु १५०० का दरमा भुक्तानि गर्नुपर्नेमा २५०० का दरमा शिवराज जोशि समेत २ जनालाई भुक्तानि भएकोले जम्मा ८ वटा सेसनको र १००० का दरमा भुक्तानि भएको जम्मा रु ८००० को कर कट्टि गरी वाँकि रकम असुल गरी दाखीला गर्नुपर्ने रु ६८८०।००</td><td>६,८८०</td></tr>
<tr><td>२३</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशत भन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु २४९९७९३।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>२३.२</td><td>११९</td><td>२०७९ -३-२५</td><td>पालिकाले कन्टिन्जेन्सि शिर्षकवाट खर्चको रकम भुक्तानि गर्नुअघि कन्टिन्जेन्सि खर्च गर्ने कार्यविधि वनाई खर्च लेख्नुपर्दछ । यस वर्ष पदाधिकारी पिकनिक खर्च वापत वडा नं ११ वडाध्यक्ष केशववहादुर रोकायालाई पिकनिकका लागि खसि खरिद, विविध खर्च तथा गाडि भाडा वापत रु २३२५००।०० खर्च लेखेको अनियमित देखिएको रु</td><td>२३२,५००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>उपमेयर कार्यक्रमः आर्थिक कार्यविधि ऐन २०७६ मा खर्चको मापदण्ड तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले उपमेयर महिला उत्थान कार्यक्रम मार्फत विभिन्न व्यवसाय गरि रहेका महिलाहरु लाई रु ३८२३००.००र उपमेयरसँग उद्यमि महिला वस्तुगत सेवा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रम अन्तरगत रु ५०००००।०० गरी जम्मा ८८२३००।०० वितरण गरेकोमा कुनै मापदण्डलाई आधार लिइएको देखिएन । निश्चित लक्ष्य र सुचकको आधारमा खर्च तथा अनुदान वितरण गरिनु पर्दछ । | |
| २४.२ | | | **आर्थिक सहायता—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले राहत प्रयोजनको लागि यो वर्ष १५० व्यक्ति एवं संघ संस्थालाई रु १० लाख १५ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४.३ | | | **अनुत्पादक खर्च—** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस नगरपालिकाले विभिन्न मन्दिर तथा धार्मिक क्षेत्रका ५९ योजनामा रु १,५४,२७,१७०।०० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४.४ | | | खाना तथा विविध खर्च— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वडा कार्यालय लगायतमा यो वर्ष खाना तथा विविध मा मात्र रु २८ लाख ६० हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २५ | ४८ | २०७८-६-२१ | **कर संकलकको पारिश्रमिक**<br><br>गो भौ न ४८।०७८।६।२१ वाट चारजना कर सकलनको गत आव मंसीर देखि असार सम्मको पारिश्रमिक भनि रु २,९१,००० भुक्तानी गरेको छ । उक्त कर संकलक नियुक्ती गर्ने निर्णय तथा गत वर्षको भुक्तानी दिन बाँकि प्रमाणित कच्चेवारी वेगर भुक्तानी गरेको रकम नियम सम्मत नदेखीएको रु | २९१,००० |
| २६ | ३८५ | २०७९-१-२३ | **प्रशिक्षक भत्ताः** अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ अन्तर्गत ४ (ख) मा नगरपालिका स्तरमा सञ्चालन हुने अन्य तालिमका प्रशिक्षकलाई कार्यपत्र वापत रु ८०० र कक्षा सञचालन बापत रु ७०० गरी प्रति शेशन रु १५०० दिन मिल्ने व्यवस्था छ ।पालिकाको वडा न ७ कार्यालयले सञचालन गरेको महिला सशक्तिकरण तालिमका प्रशिक्षकहरु लाई देहाय बमोजिम निर्देशिकाले तोकेभन्दा बढी प्रशिक्षक भत्ता भुक्तानी गरेको हुदा बढी भुक्तानी भएको रकम असुल उपर हुनुपर्ने रु | १०,२०० |

| सि.न | प्रशिक्षकको नाम | कक्षा सख्या | भुक्तानी दर | करकट्टि पछि भुक्तानी | कर कट्टी पछिको बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | गंगा राना | ३ | २५०० | ६३७५ | २५५० |
| २ | टिटा मगर | १ | २५०० | २१२५ | ८५० |
| ए३ | शारदा जोशी | ५ | २५०० | १०६६३ | ४२५० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>मिना रेग्मी</td><td>१</td><td>२५००</td><td>१०६२५</td><td>८५०</td></tr>
<tr><td>५</td><td>मालती रोकाया</td><td>१</td><td>२५००</td><td>२१२५</td><td>८५०</td></tr>
<tr><td>६</td><td>पार्वती जोशी</td><td>१</td><td>२५००</td><td>२१२५</td><td>८५०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१०,२००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td>२०७</td><td>२०७९ -२-२४</td><td>रिफर खर्च (स्वास्थ्य) जयपृथ्वी नगरपालिका भरी सम्बन्धित स्वास्थ्य संस्थामा प्रसुती हुन नसकी जिल्ला अस्पताल तथा अस्पताल बाहिर रिफर हुदा श्री जनकराज जोशीले वडा नं १ मा ९ जना, वडा नं २ मा २ जना र वडा नं ७ मा १० जनालाई गरी रु ६००००।०० रिफर खर्च वितरण गरेकोमा गर्भवती चेकजाँचको विवरणमा रिफर गरेको ब्यक्तीको नाम नभिडेकोले के कसो भएको हो एकिन गरी पेश गर्ने अन्यथा असुल गर्ने भनि आलेपबाट समेत औंल्याइएकोमा हालसम्म पनि एकिन गरी फस्योंट नगरेको रु</td><td>६०,०००</td></tr>
<tr><td>२८</td><td>७८</td><td>२०७८ -९-५</td><td>उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम सञ्चालन वापत रु २९९१९७।०० भुक्तानि गरेकोमा विजय कुमार रजकवाट डायरी तथा कलम र सानो झोला लगायत ६२५ सेट रु ९७६३२।०० मा खरिद गरी वितरण गरेकोमा भरपाई पेश गरेको छैन । उपस्थितिको संख्याई आधार मान्ने हो भने २८१ जना मात्रै उपस्थिति रहेको प्रमाण पेश भएको छ । बाँकि ३४४ जनाको उपस्थित नरहेकोमा खर्च देखाएकोले बढि खर्च रकम जिन्सि दाखीला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>५४,००८</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>पेश्की बाँकी : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । त्यसैगरी नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु .
<table>
<tr><td>सि.नं.</td><td>पेश्की लिएको मिति</td><td>गो. भौ. न.</td><td>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td colspan="2">रकम</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>म्याद नाघेको</td><td>म्याद ननाघेको</td></tr>
<tr><td>१</td><td>२०७९/०३/२५</td><td>७२९</td><td>देबराज जाेशी</td><td>40000</td><td></td></tr>
<tr><td>२</td><td>२०७९/०३/२५</td><td>७२९</td><td>देबराज जाेशी</td><td>6800</td><td></td></tr>
<tr><td>३</td><td>२०७८/१२/३०</td><td>१७१</td><td>महेन्द्रा निर्माण सेवा</td><td></td><td>302000</td></tr>
<tr><td>४</td><td>२०७९/०१/२१</td><td>२३</td><td>कुरमुलीगाड झाेपु उस जनपा३</td><td></td><td>300000</td></tr>
</table>
</td><td>९७३,०६५</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>२०७९/०२/०९</td><td>३२</td><td>श्री नीलकट्टी माध्यामीक विद्यालय</td><td></td><td>600000</td></tr>
<tr><td>६</td><td>२०७९/०२/०९</td><td>३५</td><td>जालपा मा.वि</td><td></td><td>1190000</td></tr>
<tr><td>७</td><td>२०७९/०३/२१</td><td>९९</td><td>जालपा मा.वि</td><td></td><td>2410000</td></tr>
<tr><td>८</td><td>२०७९/०३/२१</td><td>१०२</td><td>श्री नीलकट्टी माध्यामीक विद्यालय</td><td></td><td>1200000</td></tr>
<tr><td>९</td><td>२०७९/०३/२१</td><td>१९०</td><td>जालपा मा.वि</td><td></td><td>1000000</td></tr>
<tr><td>१०</td><td>२०७८/११/१२</td><td>१५५</td><td>सुरेन्द्र बहादुर थापा</td><td>150000</td><td></td></tr>
<tr><td>११</td><td>२०७९/०२/१६</td><td>२४</td><td>जनक बहादुर सिंह</td><td>776265</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>973065</td><td>7002000</td></tr>
</table>
प्रारम्भिक प्रतिवेदन उपर कलपना देवी जोशीको पेश्की फस्योंटको प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९-१२-२१ को निर्णयाबाट रु. २०,०००। सम्परीक्षण गरिएको ।
</td><td></td></tr>
<tr><td>३०</td><td>४२२</td><td>२०७९ -३-२०</td><td>ट्रयाक्टर खरिद गो भौ नं ४२२।३।२० एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकीए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ट्रयाक्टर खरिद गर्न विभिन्न संघ संस्था आयोजना कार्यक्रम शिर्षकवाट २५०००००।०० वजेट विनियोजन गरेकोमा थप समपुरक वाट १९०००० गरी जम्मा रु २६९००००।०० मा खरिद गरेको छ । पालिकाले फरक शिर्षकमा खर्च लेखाङ्कन गरी प्रतिवेदन तयार गरेको वित्तीय प्रतिवेदनले यथार्थ आर्थिक अवस्थाको चित्रण गर्दछ भन्न सकिने अवस्था रहेन । तोकिए बमोजिमको शिर्षकमा खर्च लेखाङ्कन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td>४२१</td><td>२०७९ -३-२०</td><td>असम्वन्धित खर्च गो भौ नं ४२१।३।२० पालिकाले रकम खर्च गर्दा स्विकृत कार्यक्रम अनुसारका योजनामा खर्च गर्नुपर्दछ । यस वर्ष वार्षिक कार्यक्रममा नपरेको आमघारा नौरा कृषि सहकारी संस्थासँग पालिकावाट ३०००००।०० र श्रमदान ३६०००।०० गरी जम्मा रु ३३६०००।०० को सम्झौता गरी से १ च ७८३ नं को जलेको गाडी मर्मतका लागि रु ३००००० भुक्तानि गरेको छ । यसरी वार्षिक स्विकृत कार्यक्रममा नपरेको सहकारी संस्थाको सवारी साधन मर्मतका लागि भुक्तानि दिन मिल्ने नदेखिएको हुँदा असुल गरी दाखीला गर्नुपर्ने रु</td><td>३००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **महँगी भत्ता**<br>नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं २०७७।७८ च नं १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महगी भत्ता उपलब्ध गराउने सम्बन्धी ब्यहोराका सम्बन्धमा कानुनमा यस किसिमको ब्यबस्था नभएकोले महगी भत्ता उपलब्ध गरउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गरएको देखिन्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत करारका कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन मिल्ने कानूनी ब्यबस्था देखिदैन । तर पालिकाले देहाय बमोजिमका करारमा कार्यरत कर्मचारीहरुलाई करार सम्झौता गर्दा मासिक रुपमा महँगी भत्ता समेत पाउने उल्लेख गरी मासिक रुपमा महँगी भत्ता उपलब्ध गराएको छ । यसरी कानूनमा यस्तो सुविधा पाउने प्रावधान नभएको अवस्थामा सम्झौतामा राखी भत्ता दिन मिल्ने नदेखिएको रु | ४३२,००० |

| सि.न. | कर्मचारीको नाम | पद | भुक्तानी रकम |
|---|---|---|---|
| १ | श्री सुमन बोगटी | सूचना प्रविधि अधिकृत | २४००० |
| २ | श्री दिनेश बहादुरखड्का | इन्जिनियर अधिकृत छैठौं | २४००० |
| ३ | श्री गोरखराज जोशी | सहायक स्तर पाचौं | २४००० |
| ४ | श्री कलक बहादुर खड्का | सहायक स्तर चौथो | २४००० |
| ५ | श्री प्रकाशराज जोशी | सहायक स्तर चौथो | २४००० |
| ६ | श्री गीता कुमारी रावल | सहायक स्तर चौथो | २४००० |
| ७ | श्री अजय बहादुरसिंह | सहायक स्तर चौथो | २४००० |
| ८ | श्री पदम बहादुर थापा | हेभि सवारी चालक | २४००० |
| ९ | श्री देवराज जोशी | हलुका सवारी चालक | २४००० |
| १० | श्री मदनराज जोशी | कार्यालय सहयोगी प्रथम | २४००० |
| ११ | श्री धनन्जय जोशी | कार्यालय सहयोगी प्रथम | २४००० |
| १२ | श्री ज्ञान बहादुरसिंह | कार्यालय सहयोगी प्रथम | २४००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <br>\| १३ \| श्री जयनारायण कोईराला \| कार्यालय सहयोगी प्रथम \| २४००० \|<br>\| १४ \| श्री देवराज जोशी \| कार्यालय सहयोगी प्रथम \| २४००० \|<br>\| १५ \| श्री धन बहादुरमहर \| कार्यालय सहयोगी प्रथम \| २४००० \|<br>\| १६ \| श्री जगत बहादुर सिंह \| कार्यालय सहयोगी प्रथम \| २४००० \|<br>\| १७ \| श्री सुरेन्द्र बहादुरथापा \| कार्यालय सहयोगी प्रथम \| २४००० \|<br>\| १८ \| श्री रामभक्त खड्का \| कार्यालय सहयोगी प्रथम \| २४००० \|<br>\| \| जम्मा \| \| ४३२००० \| | |
| ३३ | | | **सीमा नघाई सोझै खरिद**<br>सार्वजनिक ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ मा बीस लाख रु पैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा बोलपत्रको मध्यमबाट गर्नुपर्ने ब्यबस्था छ । त्यसैगरी नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु पाँच/दश लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको खरिदमा नियमावलिमा भएको व्यवस्थाको पालना नगरी खुला कोटेशन समेत नलिई खरिद सीमा नघाई सोझै खरिद गरेको छ । यस्तो खरिद कार्य गर्दा ऐन तथा नियमावलीमा भएको ब्यबस्था बमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्दछ ।<br>\| भौ नंमिति \| विवरण \| आपूर्तक \| भुक्तानी रु \|<br>\| ९०।२०७८।९।५ \| मसलन्द तथा कार्यालयसामान \| सगुन ट्रेडर्स अडर्सएण्ड सप्लायर्स \| १६७७७० \|<br>\| ४२२।२०७९।२।९ \| मसलन्द तथा कार्यालयसामान \| सगुन ट्रेडर्स अडर्सएण्ड सप्लायर्स \| २९४७०९ \|<br>\| ४९५।२०७९।२।२६ \| मसलन्द तथा कार्यालयसामान \| सगुन ट्रेडर्स अडर्सएण्ड सप्लायर्स \| ४९९६८६ \|<br>\| १०२।२०७८।९।१९ \| मसलन्द तथा कार्यालयसामान \| दुर्गा जनरल स्टोर एण्ड अडर्स सप्लायर्स \| ३९७०७० \| | ४,७२२,५०० |

| | | | |
|---|---|---|---|
| ४५२।२०७९।२।१२ | मसलन्द तथा कार्यालयसामान | दुर्गा जनरल स्टोर एण्ड अडर्स सप्लायर्स | ९२८४०८ |
| १०३।२०७८।९।१९ | मसलन्द तथा कार्यालयसामान | बझाङ्ग ट्रेड एण्ड सप्लायर्स | ३०४५८० |
| ४४१।२०७९।२।११ | मसलन्द तथा कार्यालयसामान | बझाङ्ग ट्रेड एण्ड सप्लायर्स | ७१०८२३ |
| ४९६।२०७९।२।२६ | मसलन्द तथा कार्यालयसामान | बझाङ्ग ट्रेड एण्ड सप्लायर्स | ११९५५४ |
| ४७३।२०७९।२।१६ | प्लाष्टिक टनेल तथा वीउ विषादी, खरिद | सुर्मा एग्रोभेट चैनपुर, बझाङ्ग | १२९९९०० |
| | | जम्मा | ४७२२५०० |

| | | | | |
|---|---|---|---|---|
| ३४ | ७८ | २०७८-९-५ | **उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम**<br><br>उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम सञ्चालन वापत रु २९९१९७।०० भुक्तानि गरेकोमा विजय कुमार रजकवाट डायरी तथा कलम र सानो झोला लगायत ६२५ सेट रु ९७६३२।०० मा खरिद गरी वितरण गरेकोमा भरपाई पेश गरेको छैन । उपस्थितिको संख्याई आधार मान्ने हो भने २८१ जना मात्रै उपस्थिति रहेको प्रमाण पेश भएको छ । बाँकि ३४४ जनाको उपस्थित नरहेकोमा खर्च देखाएकोले बढि खर्च रकम जिन्सि दाखीला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ५४,००८ |
| ३५ | | | **सवारी साधन खरिद —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार नगरपालिकाले १ थान ट्र्याक्टर रु २६९००००।०० र ३ थान दुई पांग्रे सवारी साधन रु ९९९६९८।०० खरिदमा रु ३६ लाख ९० हजार खर्च गरेको छ । संघीय सरकारको निर्देशन पालना हुनु पर्दछ । | |
| ३६ | | | डि पि आर खर्च सार्वजनिक खरिद नियमावली, २०६४को नियम१२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ । साथै नियमावलीको नियम ७२(१) मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीका परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ । साथै नियम ७१(१)मा नियम ७० बमोजिम तयार भएको संक्षिप्त सूचीमा परेका आशयपत्र | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>दाताहरु लाई प्रस्ताव सम्बन्धी कागजात, हुलाक, कुरियर वा व्यक्ति वा विद्युतीय सञ्चार माध्यम मार्फत पठाई बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको खरिदका लागि कम्तीमा पन्ध्र दिन र सो भन्दा बढी लागत अनुमान भएको खरिदका लागि कम्तीमा तीस दिनको समय दिई निजहरु बाट प्रस्ताव माग गर्नु पर्नेछ ।कार्यालयले यसवर्ष बिभिन्न योजनाको डिपिआर तथा लागत अनुमान तयार गर्न रु .२४६३७०५।०० परामर्श सेवा खर्च गरेको छ । नियमावलीको उक्त व्यवस्था अनुसार २० लाख भन्दा बढीको परामर्श सेवा लिनु पर्दा कम्तीमा तीस दिनको समय दिई निजहरु बाट प्रस्ताव माग गरी सो बमोजिम प्रतिष्पर्धाको माध्यमवाट परामर्श सेवा प्राप्त गर्नु पर्नेमा सो बमोजिम नगरी निम्नानुसार लागत टुक्रा गरी सोझै प्रस्ताव माग गरी सर्वे तथा डि पि आर गराएको नियम सम्मत देखिएन । साथै सर्भे तथा डिपिआर कार्यालयकै कर्मचारीहरु वाट गराउन सकिनेमा परामर्शदातावाट गराएकोले कार्यालयलाई थप व्ययभार परेको देखिन्छ ।सो सम्वन्धमा छलफल हुंदा यसको कार्य क्षेत्र र योजना धेरै रहेको र कार्यलयमा प्राविधिक जनशक्ती कमी भएकोले परामर्श सेवा लिनुपरेको भनाई रहेको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरु योजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।
<table>
<tr><th>सि नं</th><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>गोरेपाटन पर्यटकिय क्षेत्र बिकास</td><td>श्री सिडेक प्रा.लि.सानेपा ,ललितपुर</td><td>४,९२,९८५।</td></tr>
<tr><td>२</td><td>बाल उद्धान निर्माण कार्य ज.न.पा-७</td><td>माईलस्टोन ईन्फ्रास्ट्रक्चर ईन्जिनियारिङ्ग कन्सलटेन्सि प्रा.लि.</td><td>४,९०,४२०।</td></tr>
<tr><td>३</td><td>डम्पिङ साईड निर्माण काम ज.न.पा-७</td><td>अल सोलुसन ईन्जिनिएरिङ्ग कन्सलटेन्सि प्रा.लि.</td><td>९,८९,८८०।</td></tr>
<tr><td>४</td><td>लौठिछडा नानिगजौना खानेपानी योजना</td><td>केदार ईन्जिनिएरिङ्ग कनसर्न पा.लि।</td><td>४,९०,४२०।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४६३७०५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३७</td>
<td></td>
<td></td>
<td>गा पा पुजिगत रितपुर्वकको बिजक बेगर भुक्तानी- आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व निमावली २०७७ को नियम ३९ -५ मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको फर्म तथा संस्थाको खरिदमा निम्नानुसारको कैफियत विजक नं हातले लेखेको पाईयो । रितपूर्वकको कर विजक जारी गरेको नदेखीएकोले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु</td>
<td>६७२,१६३</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ नं</td><td>फर्म वा संस्था</td><td>भुक्तानि रकम</td><td>मु अ क रकम</td></tr>
<tr><td>१०।६।२२</td><td>आश्रेया डेभलपर्स प्रा लि</td><td>२१६०२५१</td><td>२४८५२४</td></tr>
<tr><td>२४९</td><td>महेन्द्रा निर्माण सेवा</td><td>१९८८२७८</td><td>२२८७४०</td></tr>
<tr><td>२९८।२।११</td><td>आश्रेया डेभलपर्स प्रा लि</td><td>६९८८०७</td><td>८०३९३</td></tr>
<tr><td>४६८।३।२४</td><td>मड खानेपानि</td><td>९९५३२४</td><td>११४५०६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६७२१६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td>१४</td><td>२०७८<br>-९-५</td><td>पावर टिलर खरिद सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यबस्था छ । पालिकाले कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत विराज्ञ एग्रो मेटेरियल्स एण्ड सप्लायर्सवाट रु ३००००००।०० मुल्यका २६ थान पावर टिलर खरिद गरी कार्यालयले व्यहोर्ने अंशवापत रामवहादुर खड्काको रु १५०००००।०० पेश्कि फछ्यौंट् गरेको छ । यसरी उपभोक्ताको अंश समेतको रकम समावेश गरी पालिकावाट खरिद भई जिन्सि दाखिला समेत भएकोमा प्रतिस्पर्धात्मक विधि अवलम्वन नगरी खुला कोटेसनको माध्यमवाट खरिद तथा वितरण गरेको कार्य नियमसम्मत नदेखिएको रु</td><td>१,५००,०००</td></tr>
<tr><td>३९</td><td>३२८</td><td>२०७९<br>-२-२७</td><td>भिडियो डकुमेन्ट्री पालिकाले सहकार्य मिडिया हाउस बझाङ्गवाट वडा नं १० को सहकार्यमा कैलास भिडियो डकुमेन्ट्री निर्माण गर्न पालिकावाट रु ३०००००।०० र मिडिया हाउसवाट ३००००।०० व्यहोर्ने गरी भएको योजना सम्झौता भएअनुसार रु ३०००००।०० भुक्तानी दिएको छ । यसरी डकुमेन्ट्री निर्माण भएको जनाएकोमा सो मिडिया हाउसवाट विजक जारी नभएको तथा पालिकामा दाखीला प्रमाण नभएकोले विजक तथा डकुमेन्ट्री दाखीला तथा प्रसारण भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>३००,०००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता' सार्वजनिक खरिद नियमावली, २०६४ को नियम९७मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । नगरपालिकाले जनाएअनुसार यो बर्ष विभिन्न ५९८ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ३९ करोड ३८ लाख ६३ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भार मा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरु ले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ४१ | | | **हेभी इक्विपमेण्टको प्रयोग'** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरु ले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ४२ | | | **कम अवधिका योजना सम्झौता** पालिकाले यस वर्ष देहाय वमोजिमका निर्माण कार्य ११ दिनमा सम्पन्न गर्ने गरी आर्थिक वर्षको अन्तमा ठेक्का सम्झौता गरेको छ । ठेक्का सम्झौता भएको ४ दिन पछी सम्वन्धित निर्माण व्यवसायिले सुरु सम्झौता अनुसार तोकिएको अवधिमा काम सम्पन्न हुन नसक्ने भनि म्याद थपका लागि निवेदन दर्ता गराएको छ । यसरी आर्थिक वर्षको अन्तमा ११ दिन भित्र निर्माण कार्य सम्पन्न हुन नसक्ने अवस्थामा समेत पालिकाले ठेक्का सम्झौता गर्नु उपयुक्त देखिएन । यस प्रकारका निर्माण कार्यका लागि समयमा नै वोलपत्र आव्हान तथा ठेक्का सम्झौता गरी सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |

| योजनाको नाम | ल.इ . | सम्झौता रकम | सुरु सम्झौता मिति | सुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | म्याद थपको लागि निबेदन मिति | म्याद थप भई अन्तिम सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| चुलीटिका पर्यटकिय भ्यु टावर निर्माण | १९४३८२४.८६ | १२४२८००.१९ | २०७८/०३/१७ | २०७८/०३/२८ | २०७८/०३/२१ | २०७८/०९/२५ |
| बसपार्क निर्माण कार्य | १०१०१११.८८ | ४७२९२३.०८ | २०७८/०३/१८ | २०७८/०३/२८ | ठेक्का तोडिएको | २०७८/०९/२५ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>(सिडी बनाउने काम)</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>डम्पिंग साइड निर्माण</td><td>२००८१२९.७५</td><td>११०२८४२.१</td><td>२०७८/०३/१३</td><td>२०७८/०३/२७</td><td></td><td>२०७८/०९/२५</td></tr>
<tr><td>लौठीछडा खानेपानी निर्माण कार्य</td><td>१६९३१०२.१४</td><td>१२५१७०१</td><td>२०७८/०३/०८</td><td>२०७८/०३/२८</td><td></td><td>२०७८/१०/३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>म्याद थप<br><br>ठेक्का नं १।०७८।७९ अन्तर्गत वडा नं ३ को स्वास्थ्य भवन बनाउन रु १४४२२४३।०० को लागत अनुमान तयार गरी पुँवार कन्स्ट्रक्सनसँग मिति २०७८।११।८ सम्म काम सम्पन्न हुने गरी रु ७६९९१०।०० मा सम्झौता भएको छ । लेखापरीक्षण अवधि सम्म सो काम सम्पन्न नभई बाँकि रहेको पाईयो । निर्माण व्यवसायिले सम्झौता अनुरुपको म्यादभित्र सम्पन्न गर्न नसकेपछी म्याद थपको लागि २०७९।३।२० मा मात्र निवेदन दिएको देखिन्छ । तर पालिकाले २०७९।३।९ को कार्यपालिकाको वैठकवाट योजनाको नाम नै उल्लेख गरी म्याद थप गरेको पाईयो । यसरी निवेदन दिनुपुर्व नै कार्यपालिकावाट म्याद थप गर्नुको कारण स्पष्ट गरेको छैन ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>अधुरा योजना<br><br>अधुरा योजना पालिकाले योजना छनोट गर्दा समयमा सम्पन्न हुनेगरी छनोट गर्नुपर्दछ । यस वर्ष थोरै बजेट विनियोजन गरी धेरै संख्यामा योजना छनोट गरेको र विनियोजित वजेटवाट सम्पन्न हुनै नसक्ने खालका योजना बनाएको छ । भवन तथा मन्दिर लगायत वाटो निर्माणका काममा जग तथा पिल्लरमात्र बनाएको, जग र एक साईडको वाल मात्र वनाएको , जग र पिल्लर वनाएकोमा छाना छाउने काम बाँकि भएको, सडक खनेर मात्रै छोडेको जस्ता एउटै योजनाको एक चौथाई वा आधा मात्रै कामको निम्नानुसारका योजना सम्झौता गरी भुक्तानि गरेको देखिन्छ । आर्थिक वर्ष २०७८।७९ का अधुरा योजना सम्पन्न गर्न यो आर्थिक वर्ष २०७९।८० मा पनि बजेट व्यवस्था गरेको पाईएन । यस प्रकारका योजना सम्पन्न नहुने तथा निर्माण सम्पन्न नहुदै भत्कने, विग्रने तथा उपयोग नहुने देखिएकोले पालिकाले वजेट विनियोजन गर्दा योजना सम्पन्न हुने गरी विनियोजन गर्ने र निम्नानुसारका अधुरा योजना सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| सि नं | योजनाको नाम | लागत इष्टिमेट | सम्झौता/विनियोजन/भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | लवासैन मन्दिर निर्माण ज.न.पा.-२ | ५०८००० | २००००० | जग पिलर बिम भएको र वाल लगाउन स्ल्याब झ्याल ढोका रंग रोगन बाँकी |
| २ | भोपुर महिला सामुदाहिक भवन निर्माण ज.न.पा-११ | ९६८००० | ४००००० | पिलर स्लाब आधा चिनाई भएको र आधा चिनाई रंगरोगन बाकि |
| ३ | काप्रीकोट महिला सामुदाहिक भवन निर्माण ज.न.पा -११ | ९६८००० | ४००००० | पिलर स्लाब आधा चिनाई भएको र आधा चिनाई रंगरोगन बाकि |
| ५ | लाइबेरी भवन निर्माण ज.न.पा-९ देवल | १२५०००० | ७००००० | चिनाई ढलान भएको र झ्याल ढोका प्लास्टर रंग रोगन बाकि |
| ६ | जोशीगाँउ दलित बस्ति मन्दिर निर्माण ज.न.पा.८ जोशीगाँउ | ८००००० | २५०००० | जग पिलर सम्म भएको र बाकी चिनाई स्लाब झ्याल ढोका प्लास्टर रंग रोमन |
| ७ | काप्रीकोट क्रिया भवन निर्माण ज न पा ११ | ५७३२५० | १००००० | जग र एक साइडको वाल बनेको अरु सबै बाँकि |
| ८ | लालटिन बजार बाटो निर्माण ज.न.पा ११ | १०७२९८० | ४००००० | ३८ मि. आर सि सि बनेको १५० मि बाँकी |
| ९ | लौठीछडा खा.पा. योजना ज.न.पा ११ | २००००००० | १२१००००० | २ इन्टेक पाइप लाइन १ आटी बनेको अरु सबै बाँकि |
| १० | अदालत देखि मदन स्मृतीसम्म सडक निर्माण ज.न.पा १० | २११०३४० | १०००००० | बाटो खोल्ने काम र वाल भएको सोलिंग र पी सि सि बाँकि |
| ११ | चैनपुर कुलो निर्माण ज.न.पा १० | २४३०९३२ | १४७०५०० | १०० मि बनेको २०० मि बाँकी |

| | | | | |
|---|---|---|---|---|
| १२ | दलित भवन खेइरा ज.न.पा १० | ७३०२७२ | ५००००० | घर बनेको र झयाल ढोका पलास्टर बाँकी |
| १३ | गैरीखेत सिचाइ कुलो निर्माण १० | २३३४४१८ | ३००००० | १८० मि. बनेको १२० मि बाँकी |
| १४ | उर्केन साङेछोइलिङ गुम्बा निर्माण ज.न.पा १० | ४१२०५५९ | १०००००० | जग र पिलर सम्म भएको अरु सबै बाँकि |
| १५ | सेफहाउस कम्पाउण्ड निर्माण ज.न.पा ३ | ११०३२३० | ४००००० | २७ मि वाल बनेको २० मि वाल पलास्टर गेट बाँकी |
| १६ | भुजीटाड देखी तलघरसम्मको बाटो लिर्माण ज.न.पा- १ | १२५०००० | १५०००० | ७५ मी बाटो ढलान भएको ६००मी बाटो बन्न बाकी |
| १७ | महीला सामुदायिक भवन निर्माण ज.न. पा- १ | ५२०००० | ३५०००० | भवन बनी सकेको तर पलाष्टर रङरोबन बाँकी |
| १८ | सुर्मदिवी मर्मत चिउरी ज.न.पा १ | ५००००० | २५००० | मन्दिर अघाडीको वाल बनेको तर जग पिलरबाकी |
| १९ | डाँडाबाघ ट्ष्ट निर्माण ज.न.पा-२ | ५००००० | २००००० | ट्ष्टको छाना बनीसकेको भित्रपट्टीको संरचना सबै बाँकी |
| २० | मोर्तली सामुदायिक भवन निर्माण ज.न.पा- २ | २०००००० | ९५०००० | एकतला बनेको,अर्को तला बाँकी |
| २१ | खुड्चुन सिचाइ कुलो निर्माण ज.न.पा- २-३ | २५०००००० | १६०००००० | २ कि.मी R.C.C कुलो बनीसकेको,३ कि.मी बन्न बाँकी |
| २२ | पुर्खौली पोखरी निर्माण ज.न.पा.-२ | ४०००००० | १६००००० | ६०मी वरीपरीR.C.C पोखरी निर्माण भएको सिढी लगाएत अन्य संरचना बाँकी |

| | | | | |
|---|---|---|---|---|
| २३ | गोरेपाटन पर्यटकीय क्षेत्रबिकास सडक<br>ज.न.पा -३ | ४८२३३१०५७।१७ | ६१००००० | ३ कि मी सडक बनेको ३३० घ.मि.जाली बनि सकेको र नाला आर सि सि बन्न बाँकी |
| २४ | शितगृह निर्माण<br>ज.न.पा -३ | ८०००००० | ८००००० | जग पिल्लर बनेको र छाना लगाएत अन्य संरचना बाँकी |
| २५ | चुलीटिका पर्यटकीय पदमार्ग<br>ज.न.पा -६ | १२००००० | २८२००० | ५३४ सिडी बनेका र ३२०० सिडी बन्न बाँकि |
| २६ | राजकोट भण्डार पिमी सडक निर्माण | २०००००००० | ६८००००० | ३ कि.मि सडक बनेको र ५ कि.मि.सडक बन्न बाँकी |
| २७ | सेलाखेत —खराबगर —बारील सडक निर्माण ज.न.पा.-८ | १५०००००० | २८००००० | ६१० मि.नयाँ सडक ११७ घ.मि जाली बनेको र १८०० मि. नयाँ सडक बाँकी ग्याबिन बांकी वाल बाँकी |
| २८ | बाल उधान ज.न.पा.७ | ३५०००००० | १४३५००० | सडक बनाउने काम Boundary Wall र Retaining structure भएको अरु काम बाँकी |
| २९ | देवल खेल मैदान ज.न.पा-९ | ९५८३४३३ | ४३००००० | मैदान सम्याउने काम ३०७ घ.मि, वाल र १७५ घ.मि जाली फिलिंग गर्ने काम भएको अरु सबै बाँकि |

४५

**बिमा नगराएको**ः सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण व्यवासायीले निर्माण कार्यमा प्रयोग हुने मेशिन औजार प्लान्ट लगायतको क्षती र मानवीय दुर्घटना

क्षतिपूर्ति समेतको विमा गराउनु पर्ने व्यवस्था छ ।नगरपालिकाले नियमको उक्त व्यवस्था अनुसार निर्माण व्यवसायीलाई बीमा अनिवार्य गरेको देखिएन । नियमानुसार बीमा अनिवार्य गराउनु पर्दछ ।

| निर्माण व्यवसायि तथा उपभोक्ता समिति | कामको विवरण | सम्झौता अक | हालसम्मको भुक्तानि |
|---|---|---|---|
| P.K. Construction | Purkheuli Irrigation Pond Construction Work Ja.Na.Pa.-2 | 2436980.85 | 1646143.97 |
| Mahendra Nirman Sewa Ja.Na.Pa.-09 | Lauthichhada W.S. Construction Work Ja.Na.Pa.-11 | 5358208.81 | 2051082.66 |
| Mahendra Nirman Sewa Ja.Na.Pa.-09 | Childern Park Construction Work Ja.Na. Pa.-7 | 2727108.27 | 1458010.63 |
| P.K. Construction | Gorepatan Tourism Area Development Work Ja.Na.Pa.-3 | 3364328.59 | 3004148.74 |
| Mahendra Nirman Sewa Ja.Na.Pa.-09 | Ijalas Nirman Karya Ja.na.Pa.-09 | 1707001.11 | |
| श्री रामणी निर्माण सेवा | पानकोट ,नगरकोट ,राजकोट ,मोर्तलि सडक स्तारु न्नती कार्य | 1392039.47 | 517200.44 |
| बर्मा बेताल निमार्ण सेवा | कोल्डस्टोर निर्माण कार्य | 4581627.55 | 809513.1 |
| मुनाल निर्माण सेवा | लौठीछडा खा .पा.यो.निर्माण कार्य | 2539788 | |
| Jayalaxmi Nirman sewa | बाल आश्राम भवन तथा कम्पाउण्ड बाल निर्माण | 2418920.21 | 2404791.8 |
| आश्रिया डेप्लोपर्स | वडा नं.१ को वडा कार्यालय भवन निर्माण कार्य | 10318619.98 | 10293511.4 |
| मुनाल निर्माण सेवा | वडा नं.२ को वडा कार्यालय भवन निर्माण कार्य | 10043013.65 | 10000019.67 |

| | | | |
|---|---|---|---|
| आश्रिया डेप्लोपर्स | वडा नं.११ को वडा कार्यालय भवन निर्माण कार्य | 10349676.73 | 10322570.18 |
| Jayalaxmi Nirman sewa | मड खानेपानी निर्माण कार्य | 7886024.96 | 7647916.3 |
| महेन्द्र निर्माण सेवा | देवल खेल मैदान निर्वाण कार्य | 3360630.1 | 3358005.65 |
| DPG निर्माण सेवा | पानकोट ,नगरकोट ,राजकोट ,मोर्तलि सडक स्तारु न्नती कार्य | 2629094.82 | 2375101.93 |
| मुनाल निर्माण सेवा | वडा नं. ३ को स्वास्थ्य चौकी भवन निर्माण कार्य | 1752074.24 | 15381150.98 |
| महेन्द्र निर्माण सेवा | खुडयुन सिचाई कुलो निर्माण | 111999621 | 1988278.96 |
| सहर्सलिंग निर्माण सेवा | चुलिटिका पर्यटकीय भ्यु टावर निर्माण | 1242800.19 | 1234873.55 |

| | | | | |
|---|---|---|---|---|
| ४६ | | | **निर्माण कार्यको ड्रइङ डिजाइन :** सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गर्नुपर्ने र दफा ५क. मा लागत अनुमान र नक्सा, डिजाइन तथा स्पेसिफिकेशन स्विकृत गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण गरेका कार्यहरु को नक्सा डिजाइन स्वीकृत गराएको देखिएन र निर्माण कार्यहरु को आंशिक मात्र नक्सा तयार गरेकोमा प्राविधिकले सफ्ट कपी मात्र राखेको देखियो । कार्यालयले सम्पूर्ण निर्माण कार्यहरु नक्सा अनिवार्य रुपमा तयार गरी सोको हार्ड कपी स्वीकृत गराउनु पर्नेमा नगराएको सम्वन्धमा विश्वस्त हुन सकिएन । यसमा सम्वन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । अतः कार्यालयले नियमानुसार नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गरी स्वीकृत गराउनु पर्दछ । | |
| ४७ | ६४६, २२२ | २०७९-३-२० | **मेटल विन खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने व्यवस्था छ ।त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान वा जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र आब्हान गरी खरिद गर्न सकिने तथा नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु. दश लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले खाद्यान्न वाली विकास कार्यक्रम धान गहु मकै वालीको वीउ उत्पादन अनुदानमा वीउ वितरण कार्यक्रमका लागि रु १०,००,००० बजेट विनियोजन गरेकोमा धनगढी स्टिल एण्ड टिन उद्योगबाट रु ९५०००० का ३०० थान मेटल विन (२ क्विन्टल क्षमता) खरिद गरी वडा न १,२,३,६,११र८ का किशानलाई प्रति किसान एक घर १ वटाका दरले वितरण गरेको छ । त्यस्तै संघिय सशर्त चालु तर्फ गो भौ नं | १,७५१,२५१ |

| | | | | |
|---|---|---|---|---|
| | | | २२२।०७९।३।३१ वाट समेत २५३ थान मेटल विन खरिद गरी सोहि उद्योगलाई रु ८०१२५१।०० भुक्तानी गरेको छ । यसरी विउ भण्डारण गर्नका लागि खरिद गरिएका सामान प्रतिस्पर्धाको माध्यमबाट नगरी रु१७५१२५१।०० को सोझै खरिद गरेको नियम सम्मत नदेखीएको रु | |
| ४८ | २६२ | २०७९ -१-२ | पालिकाले कार्यपालिकाको निर्णयअनुसार दिनेश सुनचाँदि पसललाई आधुनिक मेशिन खरिद वापत रु ३०००००।०० भुक्तानि गरेको छ । सो पसलको प्रस्तावना स्विकृत समेत नगरी संघ संस्था आयोजना कार्यक्रम समपुरक तर्फवाट खर्च लेखिएकोले व्यक्तिगत नाफामुलक पसललाई भुक्तानि दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल हुनुपर्ने रु | ३००,००० |
| ४९ | | | **बढि भुक्तानी** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३ मा रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी गर्दा प्राविधिक मुल्यांकन अनुसार भुक्तानि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारका सडक निर्माण योजनामा भुक्तानी गर्दा सडक विभागको नर्मस् अनुसारको वास्तविक दर विश्लेषण अनुसार तयार गरेको दरमा भुकतानि हुनुपर्नेमा सो भन्दा बढी दर -मेनडेज फरक पारेको_ले निम्नानुसारको काममा रु ७७४४१।३२ बढी भुक्तानी गरेको छ । बढी भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु | ७७,४४१ |

| गोभौन | निर्माण कार्यको नाम | उपभोक्ता समिति | बढि भुक्तानि भएको आईटम | परीमाण | भुक्तानी दर | दर विश्लेषण अनुसारको दर | बढी भुक्तानि रु |
|---|---|---|---|---|---|---|---|
| १८६।१।२ | ज न पा ४ मुल सडकदेखी वस्ति भित्र जाने शाखा सडक | ज न पा ४ मुल सडकदेखी वस्ति भित्र जाने शाखा सडक उपभोक्ता समिति | अर्थवर्क एक्साभेसन | ४२ घ मि | १३१०.१६ | ६५९.२ | २७३४० |
| | | | वि एम एस | | | | |
| २५८।१।२१ | भुमिराड देखि तलघर सम्म वाटो निर्माण | भुमिराड देखि तलघर सम्म वाटो निर्माण समिति | पि सि सि १:२:४ | ६.१९ घ मि | २६८५८.९५ | २२५५८.८६ | २६६२८ |
| ३६६।३।१३ | भवानि मा वि भवन निर्माण | भवानि मा वि भवन | प्लास्टर १:६ | ५९४.५६ घ मि | ७१८.४८ | ६७९ | २३४७३ |
| | | | | | | | ७७४४१ |

५०

**ठेक्का सम्झौता**

पालिका र निर्माण व्यवसायि विच भएको सम्झौता अनुसारमा पटक पटक म्याद थप भएकोमा सम्पन्न गर्नुपर्ने अन्तिम अवधि सम्म पनि निम्नानुसारका योजनाको कार्यसम्पन्न नभएको कार्यालयले जनाएको छ । लेखापरीक्षण अवधि २०७९।५।२५ सम्म पनि म्याद थपको लागि निवेदन समेत दिएको पाईएन । कानुनमा भएको व्यवस्था तथा ठेक्का सम्झौता अनुसार पुर्वनिर्धारित क्षतिपुर्ति लगाई समयमै कार्यसम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

वजेट व्यवस्था भएका एवं निर्माण व्यवसायिको ढिलाईका कारण अधुरा योजना ठेक्का

| सि.न. | आयोजनाको नाम | ल.ई. | शुरु सम्झौता रु (भ्याट सहित) | भुक्तानी रकम | ठेक्का म्याद<br>समाप्त हुने मिति | बाँकि काम |
|---|---|---|---|---|---|---|
| 1 | पानकोट ,नगरकोट ,राजकोट ,मोर्तलि सडक स्तारु न्नती कार्य | 3944117 | 1392039.47 | 517200.44 | 2079/03/30 | RCC Canal,Stone Masonary |
| | श्री राममणि निर्माण सेवा | | | | | |
| 2 | कोल्डस्टोर निर्माण कार्य | 8022856.5 | 4581627.55 | 809513.1 | 2079/03/30 | Cold Store Equipment,Roofing, Finishing Work |
| | बर्मा बेताल निमार्ण सेवा | | | | | |
| 3 | लौठीछडा खा .पा.यो.निर्माण कार्य | 4203143.1 | 2539788 | 2051082.7 | 2079/03/30 | Pipeline |
| | मुनाल निर्माण सेवा | | | | | |
| 4 | बाल उधान निर्माण कार्य | 5217247.3 | 2727108.27 | 1458010.6 | 2079/03/30 | Boundary Work,Stone masonary,Filling |
| | Mahendra Nirman Sewa Ja.Na.Pa.-09 | | | | | |
| 5 | पुर्खेउली सिचाई पोखरी निर्माण | 2794447 | 2436980.85 | 1646144 | 2079/03/30 | RCC Work |
| | पि कर् कन्स्ट्रक्सन | | | | | |
| 6 | इजलास निर्माण | 1715898.9 | 1707001.11 | 0 | 2079/03/30 | |

| | | | | |
|---|---|---|---|---|
| | | | Mahendra Nirman Sewa Ja.Na.Pa.-09 \| Only Start Excavation Work | |
| ५१ | ११४ | २०७९ -२-१७ | **अनुगमन प्रतिवेदन** आय आर्जनमुलक वाखा तथा वोका खरिद उपभोक्ता समितिले एल वि एल वहुउद्धेश्यिय कृषि फार्मवाट २६ वटा वाखा तथा वोका खरिद गरेकोमा रु ३९००००।०० को फोटोकपि विल पेश भएको छ । खरिद तथा वितरणका लागि ५ परिवारलाई २६ वटा वाखा वितरण गर्ने गरी सम्झौता भएअनुसारको काम सम्पन्न भए नभएको सम्वन्धमा अनुगमन प्रतिवेदन पेश नभएकोले वास्तविक खरिद तथा वितरण भए नभएको यकिन गर्न नसकिएको रु ३९००००।०० | ३९०,००० |
| ५२ | ३६ | २०७९ -३-१७ | **पाठ्यपुस्तक वितरण** पालिकाका कर्मचारी देवेन्द्रप्रसाद जोशिले पाठ्यपुस्तक वितरणका लागि कक्षा १ देखी ५ सम्मका ७४५० वटा पुस्तकहरु रु ६५०६१९।०० मा हर्षित प्राण अफसेट प्रेसवाट छपाई गरी खरिद गरेकोमा वितरण नगरी हालसम्म मौज्दात् राखेको पाईयो । यसरी खरिद गरिएका पुस्तकहरुको हालसम्म पनि जिन्सि मौज्दात् मा रहेको भनि आन्तरीक लेखापरीक्षणवाट समेत औल्याएकोमा लेखापरीक्षण अवधि सम्म पनि वितरण नभई वाँकि रहेको देखिएकोले वितरण भरपाई पेश गर्नुपर्ने रु | ६५०,६१९ |
| ५३ | | | **कम्प्युटर खरिद** सार्वजनिक ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस वर्ष विभिन्न मितिमा ९ थान ल्यापटप २ थान डेस्कटप तथा प्रिन्टर समेत जम्मा रु १६६८५४५।५७ वरावरको पटक पटक सोझै खरिद गरेकोमा केहिको सरकारी सम्पत्ति व्यवस्थापन प्रणालि पाम्समा दाखीला गरेको तथा केहि जिन्सि रजिष्टरमा दाखीला गरेको छ । यसरी एकै दिनमा खरिद आदेश तथा माग फाराम तयार गरि फरक फरक विलवाट खरिद गरि भुक्तानी गरेको छ । पालिकाले यसरी नियमावलिमा भएको व्यवस्था विपरित एकै प्रकारका सामान पटक पटक टुक्रे खरिद गरेको अनियमित देखिएको रु | १,६६८,५४६ |
| ५४ | ४२२ | २०७९ -३-२० | **ट्रयाक्टर खरिद** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकीए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ट्रयाक्टर खरिद गर्न विभिन्न संघ संस्था आयोजना कार्यक्रम शिर्षकवाट २५०००००।०० वजेट विनियोजन गरेकोमा थप समपुरक वाट रु १९०००० गरी जम्मा रु २६९००००।०० मा खरिद गरेको छ । पालिकाले फरक शिर्षकमा खर्च लेखाङ्कन गरी प्रतिवेदन तयार गरेको वित्तीय प्रतिवेदनले यथार्थ आर्थिक अवस्थाको चित्रण गर्दछ भन्न सकिने अवस्था रहेन । तोकिए बमोजिमको शिर्षकमा खर्च लेखाङ्कन गर्नु पर्दछ । | |
| ५५ | | | **शिक्षातर्फ** | |
| ५५.१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** -स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु मा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४६ सामुदायिक विद्यालयहरु को शिक्षक दरवन्दी २५६ र पदपूर्तिमा करारमा १३२ राखि कार्यसञ्चालन गरेको अवस्था छ एवं विद्यार्थीको संख्या ७३८६ रहेको देखिन्छ । | |

| क्र.स. | विद्यालयको नाम | शिक्षकको दरबन्दी | पदपूर्ती | स्थायी | राहत | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | निलकट्टी मा वि | ६ | ६ | ३ | ३ | ३ | ३३० | |
| २ | वालमन्दिर आ वि चैनपुर | १० | १० | ५ | ५ | ५ | ५०५ | |
| ३ | नमादेउ प्रा वि डाँडागाँउ | ४ | ४ | १ | ३ | ३ | ७७ | |
| ४ | सत्यवादी मा वि भोपुर | २९ | २९ | १७ | १२ | १२ | १२१६ | |
| ५ | रघुनाथ प्रा वि | ३ | ३ | २ | ० | १ | ३७ | |
| ६ | धौलदेउ आ वि धामिलेक | ३ | ३ | १ | १ | २ | १०३ | |
| ७ | सुर्मा आ वि पिठालेक | ७ | ७ | ४ | ३ | ३ | १३८ | |
| ८ | सुर्मा प्रा वि दम्दुर | ३ | ३ | ३ | ० | ० | ७१ | |
| ९ | नमुना आ वि चैनपुर | ५ | ५ | ३ | २ | २ | १२१ | |
| १० | लटीनाथ प्रा वि | २ | २ | ० | २ | २ | २६ | |
| ११ | भवानी प्रा वि खैईरा | २ | २ | ० | २ | २ | ३० | |
| १२ | धौलदेउ प्रा वि मयाना | ० | ० | ० | ० | ० | ७९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | भुमिदेव प्रा वि | ० | ० | ० | ० | ० | ६४ | |
| १४ | भैरव प्रा वि सिमलतोला | ३ | ३ | १ | २ | २ | ८३ | |
| १५ | बालविकास आ वि | ८ | ८ | ५ | ३ | ३ | १९८ | |
| १६ | पाण्डु मा वि | २२ | २२ | ११ | ११ | ११ | ४११ | |
| १७ | सरस्वती प्रा वि | २ | २ | ० | २ | २ | ६० | |
| १८ | मुडतिनदेव प्रा वि | १ | १ | ० | ० | १ | २८ | |
| १९ | नारायण मा वि | १० | १० | ४ | ५ | ६ | ३१७ | |
| २० | जनजागृती प्रा वि | ५ | ५ | २ | ३ | ३ | ७६ | |
| २१ | कैलाशपती प्रा वि | ४ | ४ | १ | ३ | ३ | ६७ | |
| २२ | वेताल प्र वि | २ | २ | १ | १ | १ | १६६ | |
| २३ | मालिका प्रा वि | २ | २ | ० | ० | २ | ४२ | |
| २४ | बालविकास मा वि | १७ | १७ | ८ | ९ | ९ | ३०८ | |
| २५ | भैरव आ वि माझेशैन | ६ | ६ | ३ | ३ | ३ | ७१ | |
| २६ | आदर्श प्रा वि | ३ | ३ | १ | ० | ० | ३६ | |
| २७ | लुयाटा आ वि | ८ | ८ | ५ | ३ | ३ | १३१ | |
| २८ | नमादेउ प्रा वि सुतिया | २ | २ | १ | १ | १ | १५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | भवानी प्रा वि गडखेत | ४ | ४ | ० | ४ | ४ | ७० | |
| ३० | कालिका प्रा वि | २ | २ | ० | २ | २ | १६ | |
| ३१ | ऋषिकुण्ड प्रा वि | ० | ० | ० | ० | ० | १८ | |
| ३२ | जालपा प्रा वि | ४ | ४ | २ | २ | २ | ९१ | |
| ३३ | युवावर्ष प्रा वि | ३ | २ | १ | १ | १ | ६० | प्रा वि १ राहत रिक्त |
| ३४ | शिसु आ वि | ७ | ७ | ४ | ३ | ३ | १८० | |
| ३५ | जालपा मा वि | १९ | १९ | १४ | ५ | ५ | ५६२ | |
| ३६ | नमादेउ प्रा वि ग्वानी | २ | २ | ० | २ | २ | ४३ | |
| ३७ | बालोदय प्रा वि | ३ | ३ | ० | ० | ३ | ७२ | |
| ३८ | गन्धर्व प्रा वि | २ | २ | ० | २ | २ | २९ | |
| ३९ | देवस्थली आ वि | ४ | ४ | ३ | ० | १ | १३६ | |
| ४० | जनपृय प्रा वि | ३ | ३ | ० | ३ | ३ | ८८ | |
| ४१ | सुनिपिपलचौर मा वि | २० | २० | ९ | ११ | ११ | ८९० | |
| ४२ | भवानी मा वि | ९ | ९ | ६ | ३ | ३ | १६४ | |
| ४३ | कुलमष्टाजन प्रा वि | ३ | ३ | ० | ३ | ३ | १०० | |
| ४४ | नविन प्रा वि | ० | ० | ० | ० | ० | ११ | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४५</td><td>जनज्योती बालविकास प्रा वि</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>३८</td><td></td></tr>
<tr><td>४६</td><td>दुर्गाभवानी प्रा वि</td><td>२</td><td>२</td><td>०</td><td>२</td><td>२</td><td>१२</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५६</td><td>२५५</td><td>१२१</td><td>१२२</td><td>१३२</td><td>७३८६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता — अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । वित्तिय समानिकरण अनुदानको रकमवाट विद्यालयलाई शिक्षकको तलव भत्ताको लागी अनुदान दिन मिल्ने व्यवस्था देखिदैन । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु १८०००००।०० तलब भत्ता भुक्तानी गरेको नियमसंमत नदेखिएको रु<br>पालिकाको भनाई दरवन्दि शुन्य भएका विद्यालयको लागि नपुग रकम वित्तिय समानिकरणवाट खर्च लेख्नुपरेको जनाएको छ ।</td><td>१,८००,०००</td></tr>
<tr><td>५५.३</td><td>४३६</td><td>२०७९-३-२०</td><td>विद्यालय शैक्षिक सुधार कार्यक्रम<br>पालिकाले शैक्षिक सुधारका लागि सामाग्रि खरिद गर्ने कार्यक्रम अन्तर्गत जालपा माध्यमिक विद्यालयको लागि नगरपालिका र विद्यालयविच भएको सम्झौता अनुसार शैक्षिक सुधार कार्यक्रम तथा व्यवस्थापनको काम सम्पन्न भएपछी नगरपालिकाले अनुगमन गर्ने उल्लेख भएकोमा हालसम्म अनुगमन गरेको छैन । सम्झौतामा विद्यालयले कामको प्रगति तथा व्यवस्थापन भएको कक्षाकोठाको सामाग्रि प्रत्यक्ष देखीने गरी प्र अ ले पछाडिपट्टि प्रमाणित गरी विद्यालयको छाप लगाई नगरपालिकामा पेश गर्नुपर्ने उल्लेख छ । विद्यालय व्यवस्थापन समितिको निर्णय प्र अ ले प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने उल्लेख भएकोमा सामाजिक परीक्षण प्रतिवेदन र सम्वन्धित वडा कार्यालयको कार्सम्पन्न सिफारिस पत्र तथा दाखीला प्रतिवेदन समेत पेश भएको छैन । तर सो कार्यक्रमको लागि जालपा मा वि लाई शैक्षिक सुधारको लागि रु २०००००।०० भुक्तानि दिएकोमा हालसम्म कामको प्रगति , अनुगमन प्रतिवेदन, सार्वजनिक परीक्षण तथा जाँचपास तथा मुल्याँकन प्रमाणित प्रतिलिपि, सिफारिस तथा दाखीला प्रतिवेदन समेत पेश नभएको रु</td><td>२००,०००</td></tr>
<tr><td>५५.४</td><td>436</td><td>२०७९-३-२०</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयको आईसिटि व्यवस्थापन सम्वन्धि नगरपालिका र विद्यालयविच भएको सम्झौता अनुसार आईसिटि व्यवस्थापनको काम सम्पन्न भएपछी नगरपालिकाले अनुगमन गर्ने उल्लेख भएकोमा हालसम्म अनुगमन गरेको छैन । विद्यालयले व्यवस्थापन भएको कक्षाकोठाको सामाग्रि प्रत्यक्ष देखीने गरी प्र अ ले पछाडिपट्टि प्रमाणित गरी विद्यालयको छाप लगाई नगरपालिकामा पेश गर्नुपर्ने उल्लेख छ । विद्यालय व्यवस्थापन समितिको निर्णय प्र अ ले प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने उल्लेख भएकोमा सामाजिक परीक्षण प्रतिवेदन र सम्वन्धित वडा कार्यालयको आईसिटि व्यवस्थापन भएको सिफारिस पत्र तथा दाखीला प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सत्यवति मा वि लाई आईसिटि व्यवस्थापनको लागि रु ६५०००० भुक्तानि दिएकोमा हालसम्म कामको प्रगति , अनुगमन प्रतिवेदन, प्रमाणित प्रतिलिपि, सिफारिस तथा दाखीला प्रतिवेदन समेत पेश नभएको रु</td><td>६५०,०००</td></tr>
</table>

<table>
<tr>
<td>५५.५</td>
<td>६४</td>
<td>२०७८-१२-७</td>
<td>सेनिटरी प्याडः  सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी २०७६ को दफा ५ मा विद्यालयले आफ्ना छात्राहरु को सँख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनुपर्ने र माग बमोजिम शिक्षा शाखाले तथ्याकसँग भिडाइ विद्यालयलाइ आवश्यक सख्यामा सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने तथा दफा ६ मा उपलब्ध गराइएको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष चेसिस ट्रेड कन्सर्न प्रा लि बाट रु ४९९७४२। का ७२५० प्याकेट (प्रति प्याकेट ८ पिस) सेनिटरी प्याड खरिद गरी विभिन्न १५ विद्यालयहरु लाई ४५४० प्याकेट वितरण गरेको भरपाई पेश गरेको छ ।उक्त वितरण भरपाई कुन आर्थिक वर्षको हो र कुन मितिमा वितरण गरेको हो खुलाइएको छैन । यस वर्ष खरिद गरेका प्याडबाट उक्त वितरण गरेका सँख्या घटाउदा २७१० प्याकेट मौज्दात बाँकी हुनुपर्नेमा मिति २०७९।५।२४ मा स्टोर निरीक्षण गर्दा ५१६० प्याकेट मौज्दात देखिएको छ । पालिकाले विगत आ व बाट कति प्याकेट जिम्मेवारी सारेको थियो सो को अभिलेख राखेको छैन भने वितरण गरेको सँख्याको पनि व्यवस्थित अभिलेख राखेको छैन । विगत बर्षको मौज्दात बाँकी हुदा हुदै थप खरिद गर्नु पर्नाको कारण स्पष्ट छैन ।तसर्थ पालिकाले विद्यार्थी सख्या र मौज्दातको सख्या एकिन गरेर मात्र खरिद गर्ने तथा जिन्सि अभिलेख व्यवस्थित गर्ने तर्फ सचेत हुनुपर्ने देखिन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>५५.६</td>
<td></td>
<td></td>
<td>बढि ग्रेड निकासा<br>विद्यालयका शिक्षकहरु को तलव निकासा गर्दा विद्यालय शिक्षक किताबखानाबाट पारित तलवी प्रतिवेदन अनुसार निकासा गर्नु पर्दछ । देहाय बमोजिमका शिक्षकहरु को तलव भत्ता निकासा गर्दा शिक्षक किताबखाना बाट पारित ग्रेड भन्दा बढी हुनेगरी ग्रेड रकम निकासा गरेको हुँदा क. सं. कोष थप र चाडपर्व खर्च समेतको हुने वढी ग्रेड रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>सिन</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>पारित ग्रेड</th><th>भुक्तानी ग्रेड</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जालपा मा वि रिठापाटा</td><td>मा वि द्धि विष्णु प्रसाद कोइराला</td><td>५</td><td>६</td><td>१५४०२</td><td>चैत्र सम्म</td></tr>
<tr><td>२</td><td>सत्यवादी मा विभोपुर</td><td>मा वि द्धि रामदत्त उपाध्याय</td><td>७</td><td>८</td><td>१५४०२</td><td>चैत्रसम्म</td></tr>
<tr><td>३</td><td>सत्यवादी मा वि भोपुर</td><td>प्रावि द्धि शिवराज जोशी</td><td>७</td><td>८</td><td>१०९७६</td><td>चैत्रसम्म</td></tr>
<tr><td>४</td><td>नमुना नि मा वि चैनपुर प्रा वि प्र</td><td>प्रा वि प्रथम धिरेन्द्र ब सिह</td><td>३</td><td>४</td><td>१३८१०</td><td>चैत्रसम्म</td></tr>
<tr><td>५</td><td>नमुना नि मा वि चैनपुर</td><td>प्रा वि द्धितिय गजेन्द्र ब रसाइली</td><td>७</td><td>८</td><td>५४३८</td><td>प्रथम चौमासिक</td></tr>
</table></td>
<td>८२,५९४</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | नमुना नि मा वि चैनपुर | प्रा वि द्धितिय मान ब रावल | ७ | ८ | ५४३८ | प्रथम चौमासिक |
| ७ | भवानी मा वि नौराका | प्रा वि तृतीय रूद्र प्र ओझा | ५ | ६ | ५१५२ | प्रथम चौमासिक |
| ८ | भैरब नि मा वि माझेसैन प्रा वि द्धि | कलक ब सिह | ७ | ८ | १०९७६ | चैत्रसम्म |
| जम्मा | | | | | ८२९५४ | |

| | | | | |
|---|---|---|---|---|
| ५५.७ | १३० | २०७८-११-९ | **लुयाटा आ वि लाई भुक्तानीः** पालिकाले लुयाटा आधारभुत विद्यालय व्यवस्थापन शीर्षकबाट उक्त विद्यालयलाई रु २,००,००० भुक्तानी दिएको छ । उक्त रकम के कार्यका लागि भुक्तानी गरिएको हो सो को निर्णय सम्झौता र खर्चका विल भरपाई पेश नभएको रु | २००,००० |
| ५५.८ | ७४ | २०७९-३-६ | **नमुना विद्यालय अनुदान**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका बुँदा नं ८।३ मा नमुना विद्यालय सुधार गुरु योजना भौतिक निर्माण अनुदान उपलव्ध गराउदा विगत वर्षको निर्माण प्रगति, स्विकृत गुरु योजनाको वार्षिक कार्यान्वयन योजना र यस आर्थिक वर्षमा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित माग गर्न लगाउने र निर्माणको कार्य प्रगति अनुगमन गरी प्रगति अनुरुप ५०, ३० र २० प्रतिशत निर्धारण गरेअनुसार किस्ता निकासा गर्ने उल्लेख छ । पालिकाले निकासा ढिलाई भएको जनाई नमुना विद्यालय सत्यवाति मा वि को लागि रु ७००००००।०० अनुदान दिएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिका मा उल्लेख भएअनुसार कार्यसम्पन्न सुनिश्चितता गरी रकम निकासा गर्नुपर्नेमा हालसम्मको प्रगति तथा अनुगमन प्रतिवेदन पेश भएको छैन । यसरी नमुना विद्यालयको लागि निकासा रकमको प्रगति तथा कार्यसम्पन्न सुनिश्चितता वेगर भुक्तानि दिएको र अनुगमन प्रतिवेदन समेत पेश नभएकोले अनियमित देखिएको रु | ७,०००,००० |
| ५५.९ | ४४८ | २०७९-२-१२ | वडा न १ कार्यालयको वजेट अन्तर्गत वालवालिका पढाई शिवीर समपुरक कोष प्रगतीशील युवा समाज शीर्षकबाट प्रगतिशील युवा समाज सीमखेत बझाङ्गलाई रु ३,००,०००।- भुक्तानी गरेको छ ।उक्त समाजले पेश गरेको प्रस्तावनामा ३,१४,०००।- मध्ये रु ३,००,०००।- पालिकाबाट र १४,०००।- समाजले व्यहोर्ने गरी सम्झौता गरी कार्य सम्पन्न गरेको देखाएको छ । कार्यक्रममा रु ३,१४,६४०।- खर्च भएका विल भरपाई पेश भएपनि १ महिना सम्म पढाई शिवीर सञ्चालन गरेको भनिएकोमा उक्त शिविरमा १ महिना सम्म कतिजना वालवालिकाहरु लाई सहभागी गराइने भन्ने प्रस्तावनामा पनि उल्लेख नभएको र कति सहभागी भए सो को पुस्टयाइ हुने विद्यार्थी हाजीरी पेश नभएकोले उक्त खर्चको पुस्टयाइ हुन नसकेको रु | ३००,००० |
| ५५.१० | १५३ | २०७९-३-१२ | **अनुगमन प्रतिवेदनः** विद्यालयहरु लाई अनुदान रकम निकासा गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका एवं सम्झौतामा उल्लेख भएका शर्त बमोजिम गर्नु पर्दछ । पालिकाले देहाय बमोजिमका विद्यालयहरु लाई विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित | १,९५०,००० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत रु १९५००००।०० अनुदान निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका एवं सम्झौतामा काम सम्पन्न भएपछि नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन गरिने उल्लेख भएकोमा अनुगमन नगरेकोले विद्यालयहरु ले तोकिएको शर्त र मापदण्ड बमोजिम विज्ञान प्रयोगशाला, आइसिटि ल्याव र पुस्तकालय स्थापना गरे नगरेको सुनिश्चित नभएको हुदा निकासा गरेको अनुदानबाट तोकिए बमोजिम सामान खरिद एवं जिन्सि दाखीला गरी प्रयोगशाला, ल्याव र पुस्तकालय स्थापना गरेको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु .
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>निकासा रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>निलकट्टी मा वि</td><td>आइसिटी ल्याव स्थापना</td><td>६५००००</td><td>रु ११०००० मा र्याक १ र टेवल १० बनाएको मा जिन्सी दाखीला नदेखीएको</td></tr>
<tr><td>२</td><td>भवानी मा वि</td><td>पुस्तकालय व्यवस्थापन</td><td>६५००००</td><td>जिन्सी खातामा पुस्तक दाखीला गरेको प्रमाण तथा वि व्य स बाट काम सम्पन्न भएको निर्णय नभएको</td></tr>
<tr><td>३</td><td>वाल मन्दिर नि मा वि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td><td>खरिद सामान जिन्सी खातामा दाखीला तथा वि व्य स बाट काम सम्पन्न भएको निर्णय नभएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१९५००००</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५५.११</td>
<td>४८८</td>
<td>२०७९-२-२६</td>
<td>नेपाल राष्टिय शिक्षक सगठनलाई भुक्तानीः पालिकाले शिक्षकका संघ सगठन तथा सरोकारवालाहरु वीच शैक्षिक सुधार सम्वन्धी अन्तर्क्रिया कार्यक्रमबाट नेपाल शिक्षक सगठनलाई रु १,५०,०००।- भुक्तानी गरेको छ ।उक्त संगठनले पेश गरेको परियोजना प्रस्तावमा कोभिड १९ को तेस्रो भेरियन्ट ओमिक्रोनको बारे अन्तर्क्रिया १ पटकको रु ५०,०००।- तथा अन्य विभिन्न ४ वटा अन्तर्क्रियाको रु १,२०,०००।- र शैक्षिक सामाग्री तथा मसलन्द खर्च २००० समेत १,९०,०००।- को प्रस्तावना तयार पारेको देखिन्छ ।उक्त प्रस्तावना पालिकाबाट स्वीकृत भएको देखिएन ।उक्त सगठनले मिति २०७८।८।२१ गते कोभिड १९ को प्रभावले शिक्षा क्षेत्रमा पारेको असरको बारेमा शिक्षक, पत्रकार, जनप्रतिनिधी र अभिवावकहरु को उपस्थितिमा अन्तरक्रिया कार्यक्रम गरेको उपस्थिति को फोटोकपी सलग्न गरेको छ भने उक्त कार्यक्रममा मिति २०७९।१।२० गते उपस्थित भई सहभागीहरु ले आवास, खाना, तथा चिया नास्ता बातको रकम भनी प्रति व्यक्ति रु १८००का दरले ७५ जनाको हुने रु १३५०००।- को भरपाई तथा बाँकी स्टेशनरी लगायतका विल पेश गरेको छ ।त्यसैगरी उक्त कार्यक्रम सञ्चालन गर्न मिति २०७८।११।२ मा पालिका र संगठन बीच सम्झौता भएको देखिन्छ । यसरी कार्यक्रमको उपस्थिति सम्झौता भन्दा अगाडी भएको तथा भुक्तानी भरपाई अनुसार कार्यक्रम मिति २०७९।१।२० मा गरेको देखिँदा कार्यक्रमको बास्तविकता एकिन गर्न नसकिएको हुँदा उक्त खर्चको पुस्टयाई हुन नसकेको रु</td>
<td>१५०,०००</td>
</tr>
</table>

<table>
<tr><td>५५.१२</td><td>३२४</td><td>२०७९-२-२४</td><td>न पा पुजीगत तर्फः नेपाल राष्ट्रिय शिक्षक सगठनलाई भक्तानी भौ न ३२४।२०७९।२।२४ पालिकाले गापा चालु तर्फको भौचर न ४८८।२०७९।२।२६ बाट नेपाल राष्ट्रिय शिक्षक सगठनलाई मिति २०७८।८।२१ गते कोभिड -१९ को प्रभावले शिक्षा क्षेत्रमा परेको असर सम्वन्धी अन्तरक्रियामा भएको उपस्थितिमा सलग्न गरी रु १,५०,०००।- भुक्तानी लगिसकेको अवस्थामा पुनः सोही कार्यक्रमको उपस्थितिको फोटोकपी सँलग्न गरी रु १,००,०००।- भुक्तानी लगेको हुँदा एउटै कार्यक्रममा भएको खर्च दोहोरो भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु १,००,००० ।-</td><td>१००,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>औषधी खरिद —सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले देहायबमोजिमका औषधि खुला कोटेशनवाट सोझै खरिद गरेको छ । केहि उदाहरण निम्न छन् । यस्तो किसिमको खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ नं</th><th>विवरण</th><th>फर्म वा संस्था</th><th>रकम</th></tr>
<tr><td>५२१।३।६ गापा चालु</td><td>विभिन्न औषधि</td><td>डि वि मेडिसिन सेन्टर</td><td>९९९३२१</td></tr>
<tr><td>२८।९।४ सशर्त</td><td>औषधि तथा औषधिजन्य सामान</td><td>ग्लोलव ड्रग सप्लायर्स</td><td>९९९६८३</td></tr>
<tr><td>१७५।३।१९ सशर्त</td><td>औषधि तथा औषधिजन्य सामान</td><td>सन्देश मेडिसिन सप्लायर्स</td><td>९९०००</td></tr>
<tr><td>१७५।३।१९ सशर्त</td><td>औषधि तथा औषधिजन्य सामान</td><td>सि टि ईन्टरप्राईजेज</td><td>९४७५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२१९२७५४</td></tr>
</table>
<ul>
<li>औषधि खरिदमा खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखीएको ।</li>
<li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखीला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</li>
<li>औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</li>
</ul></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • तसर्थ औषधिको खरिद, आपूर्ती, दाखीला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५७ | | | **कार्यक्रम खर्च** | |
| ५७.१ | ६०९ | २०७९-३-१७ | **आय आर्जन तथा सीपमुलक तालिमः** स्वास्थ्य तथा सरसफाई महिला समुह आय आर्जन तथा सीपमुलक कार्यक्रम वडा न ०५ अन्तर्गत किशोर किशोरीहरु लाई प्रजनन स्वास्थ्य सम्वन्धी २ दिने अभिमुखीकरण तालिम तथा वडा न ५ का आमा समुहका महिलाहरु लाई आय आर्जन तथा सीपमुलक तालिम तरकारी खेती कुखुरा पालन सम्बन्धी २ दिने अभिमुखिकरण तालिम सञ्चालन बापत स्वास्थ्य तथा सरसफाई महिला समुहलाई रु ३,००,००० भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।<br>उक्त तालिम सम्पन्न पश्चात स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदन पेश नभएकोले अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु | ३००,००० |
| ५७.२ | ६०९ | २०७९-३-१७ | किशोर किशोरीहरु लाई प्रजनन स्वास्थ्य सम्वन्धी २ दिने अभिमुखीकरण भनिएकोमा १ दिन मात्रको हाजिरी संलग्न छ । उक्त कार्यक्रम कुन मितिमा भएको हो हाजिरीमा समेत खुलेको छैन । रु १,०९,००० को प्रयोजन प्रस्ताव गरिएको उक्त कार्यक्रममा सहभागीहरु को २ दिनको यातायात खर्च लेखेकोमा १ दिनको मात्र उपस्थिति देखिएकोले बढी भुक्तानी भएको ४२ जनाको रु ३५० का दरले यातायात खर्च रु १४,७०० तथा आमा सुरक्षा महिलाहरु लाई उपस्थिति वेगर २३ जनालाई रु ५०० का दरले भुक्तानी भएको यातायात खर्च रु ११,५०० समेत रु २६,७०० असुल उपर हुनुपर्ने रु | २६,७०० |
| ५८ | ४४ | २०७८-११-१० | **न्यानो झोलाः** पालिकाले न्यु एडभान्स सर्जिकल हाउस धनगडीबाट ५०० गोटा न्यानो झोला खरिद गरी रु ४९८८९५ भुक्तानी गरेको छ । खरिद गरिएका उक्त न्यानो झोला मध्ये विभिन्न ४ वटा स्वास्थ्य चौकीलाई ३१५ गोटा हस्तान्तरण फारम मार्फत पठाएको देखिन्छ । बाँकी रहेका न्यानो झोला पालिका भवनको भर्याङ मुनी खुल्ला एव अव्यवस्थित रुपमा राखेको देखियो । पालिकाले यस्तो खरिद कार्य गर्दा आवश्यकताको पहिचान गरेर मात्र खरिद गर्ने र समयमै स्वास्थ्य चौकीहरु लाई हस्तान्तरण गर्ने तर्फ सचेत रहनु पर्ने देखिन्छ । | |
| ५९ | १४२ | २०७९-३-६ | **प्रशिक्षक भत्ताः** अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका २०७७ को ७. १. १५ अन्तर्गत ४ (ख) मा नगरपालिका स्तरमा सञ्चालन हुने अन्य तालिमका प्रशिक्षकलाई कार्यपत्र वाफत रु ८०० र कक्षा सञ्चालन बाफत रु ७०० गरी प्रति शेषन रु १५०० दिन मिल्ने व्यवस्था छ । पालिकाको महिला तथा वालवालिका शाखाको आयोजनामा वडा न ८, १० र ११ मा सञ्चालित सुनौला हजार दिनका आमाहरु लाई पोषण सम्बन्धी एक दिने तालिमका प्रशिक्षक श्री टिटा मगरलाई ३ दिनमा ९ बटा शेषनको रु २५०० का दरले भुक्तानी गरी कर कट्टी पछिको रु ७६५० बढी भुक्तानी गरेको हुदाँ उक्त रकम असुल हुनुपर्ने रु ७६५०। | ७,६५० |
| ६० | ६६ | २०७८-१२-८ | **प्रतिवेदन लेखनः** मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम अन्तर्गत विभिन्न ११ स्थानमा गर्भवती भिडीयो एक्सरे कार्यक्रम सम्पन्न गरी अधिकृत छैटौ भक्त बहादुर रोकायालाई रु ३००० भुक्तानी गरेको छ । प्रतिवेदन लेखन बापत रु १००० मात्र पाउनेमा रु २००० बढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु. | २,००० |

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | आ व २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड—१९ रोकथाम तथा नियन्त्रणको लागि उल्लेखनिय खर्च नभएको विवरण नगरपालिकाले पेश गरेको छ । प्रकोप व्यवस्थापन कोषवाट खर्च हुनेगरी एकमुष्ठ बजेट व्यवस्था भएकोमा कोभिडको लागि कुनै खर्च नभएको जनाएको छ । | |
| ६२ | | | कोभिड १९ को महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ६.६ मा लाभग्राहिको अन्तिम सुचि स्विकृत भएको तिन दिनभित्र लाभग्राहि निवेदकको वैंक खातामा रकम जम्मा हुने गरी स्थानिय तहहरुले प्रति परिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गर्ने उल्लेख छ । पालिकाले कोभीड प्रभावित समुदायका लागि २५१ जनाको लागि जम्मा रु २५१०००० बजेट प्राप्त भएकोमा वैंकमार्फत् वितरण भएको पालिकाले जनाएको छ । | |
| ६३ | ५५ | | **बढी भुक्तानी**<br><br>क्षयरोग मुक्त स्थानीय तह अभियानको लागि स्वयंसेविका स्तरिय, स्वस्थ्य संस्था स्तरीय र पलिका स्तरिय अभिमुखीकरण कार्यक्रम अन्तर्गत नारायण मा वि मा मिति २०७८।९।२ मा एक वटा कक्षा संचालन गरेबापत कमलराज जोशीलाई रु १००० मात्र भुक्तानी गर्नुपर्नेमा ६ वटा कक्षा संचालन गरेको भनि रु ६००० भुक्तानी गरेकोले रु ५००० बढी भुक्तानी गरेको हुँदा करकट्टी पछिको रु ४२५० असुल हुनुपर्ने रु | ४,२५० |
| ६४ | | | **बढी भुक्तानी** | |
| ६४.१ | १३७ | २०७९-२-२७ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम सञ्चालन गरे बापतको भुक्तानी गर्दा स्वीकृत नर्मस अनुसार भुक्तानी गर्नु षर्दछ ।स्वास्थ्य शाखा प्रमुख जनक बहादुर सिंहले विभिन्न मितिमा विभिन्न ७ वटा कार्यक्रम सञ्चालनका लागि लिएको पेश्की रु १०६९००० फछ्र्यौट गरेको छ । उक्त कार्यक्रमका पेश्की फछ्र्यौंटका विल भरपाई परीक्षण गर्दा हरेक कार्यक्रमको नर्मस विपरीत लमसममा ह्याण्ड आउट बनाएको भनि खर्च दावी गरेको छ जुन कुनै पनि नर्मसमा पाउने देखिदैन । तसर्थ देहाय बमोजिमको नर्मस विपरितको बढी दावी गरेको रकम असुल गरी दाखीला हुनुपर्ने रु | १४६,७५५ |

| सि न | कार्यक्रम | ह्याण्ड आउट |
|---|---|---|
| १ | स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्य कर्मीहरु लाई आधारभुत स्वास्थ्य केन्द्र स्वास्थ्य चौकीको न्युनतम सेवा सञ्चालन सेवा मापदण्ड तथा आँखा नाक घाटी मुख सम्बन्धी अभिमुखिकरण २ पटक | ५२५०० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>२</td><td>समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्था तथा स्वास्थ्य सस्थाहरु मा अनसाइट कोचिङ २ पटक</td><td>२७०००</td></tr>
<tr><td>३</td><td>क्षयरोग जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुच कम भएका समुदायमा सक्रिय क्षयरोगका विरामीको खोज पडतालका लागि क्षमता अभिबृद्धी तथा परिचालन</td><td>२४०००</td></tr>
<tr><td>४</td><td>स्वास्थ्य सस्थामा महिला स्वयसेविकाहरु लाई सामाजिक व्यवहार परिवर्तन सम्बन्धि अभिमुखीकरण</td><td>२००७५</td></tr>
<tr><td>५</td><td>सरु वा रोग नसर्ने रोग जुनोटिक मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया</td><td>२३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४६५७५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६४.२</td>
<td>१६०</td>
<td>२०७९<br>-३-१६</td>
<td>पालिकाले परिवार नियोजन किशोर किशोरी तथा प्रजनन कार्यक्रम अन्तर्गत देहाय बमोजिमका विभिन्न कार्यक्रमको स्वास्थ्य शाखा प्रमुख श्री जनक बहादुर सिंहले पेश गरेका विल भरपाईका आधारमा रु ७,३२,०००।- भुक्तानी गरेकोमा नर्मस विपरित ह्याण्ड आउट खर्च लमसममा राखी निम्नानुसार खर्च दावि गरेको बढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु
<table>
<tr><td>सि न</td><td>कार्यक्रम</td><td>ह्यान्स आउट</td></tr>
<tr><td>१</td><td>बन्ध्याकरण अगावै महिला स्वास्थ्य स्वयं सेविकासँग परिवार योजना सम्बन्धी १ दिने अभिमुखिकरण</td><td>११०००</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य व्यवस्थापन समितिलाई परियोजनाबारे अभिमुखीकरण</td><td>१४८५०</td></tr>
<tr><td>३</td><td>स्वास्थ्य संस्था भित्रका प्रजनन उमेरका दम्पत्तिलाई परिवार योजना तथा सुरक्षित मातृत्व सम्बन्धी अभिमुखीकरण</td><td>२१६००</td></tr>
<tr><td>४</td><td>स्वास्थ्य संस्था भित्रका किशोर किशोरीहरु लाई परिवार योजना तथा सुरक्षित मातृत्व सम्बन्धी अभिमुखीकरण</td><td>१३६८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६११३०</td></tr>
</table>
</td>
<td>६१,१३०</td>
</tr>
<tr>
<td>६४.३</td>
<td>१४९</td>
<td>२०७९<br>-३-१२</td>
<td>बढी भुक्तानी -<br>प्रारम्भिक प्रतिवेदन उपर असुल भई भौचर पेश भएको आधारमा मिति २०७९-१२-२१ को निर्णयाबाट रु. १४१००। सम्परीक्षण गरिएको ।</td>
<td>०</td>
</tr>
</table>

<table>
<tr><td>६५</td><td>१७७</td><td>२०७९-३-१९</td><td>शीर्षक फरक पारी खर्च<br><br>भौ नं १७७।०७९।३।१९(स्वास्थ्य) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा सम्बन्धित खर्च शीर्षकमा बजेट बाँकी भएमा मात्र सो शीर्षकमा खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाले कर्मचारी थप तलब शीर्षकबाट सबै स्वास्थ्य संस्थाहरुलाई वितरण गर्न भनि बिभिन्न मसलन्द तथा कार्यालय सामान खरिद गरेका विल भर्पाईका आधारमा श्री जनक बहादुर सिंहलाई रु ३००८५५।०० भुक्तानी गरेको छ । खरिद गरेका सामान कुन कुन संस्थालाई वितरण गरेको हो सोको अभिलेख समेत नभएको हुँदा प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने रु ३००८५५।००</td><td>३००,८५५</td></tr>
<tr><td>६६</td><td>४१६ न पा चालु</td><td>२०७९-२-९</td><td>हाते होजियारी सीपमुलक तालिमः पालिकाको वडा न ०१ को हाते होजियारी सिपमुलक तालिम कार्यक्रमबाट हाते होजियारी सीपमुलक तालिम जनपा लाई तालिम सम्पन्न गरेवापत रु ४,००,०००।- भुक्तानी गरेको छ । १५ जना महिलाहरु लाई सो तालिम दिने प्रस्तावमा उल्लेख भएकोमा क कसलाई तालिम दिने हो सो को निर्णय तथा ४५ दिन सम्मको उक्त तालिममा सहभागीहरु को हाजीरी पेश नभएको रु</td><td>४००,०००</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कृषि कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td>६७.१</td><td></td><td></td><td>नाफामुलक सस्थाबाट कार्यक्रम सञ्चालनः कार्यालयले कार्यक्रम सञ्चालन गर्दा ऐन, नियम, निर्देशिका, कार्यविधि आदिका आधारमा प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी सञ्चालन गर्नुपर्दछ। पालिकाबाट सञ्चालन भएका कतिपय कार्यक्रमहरु वजेट तथा कार्यक्रममा नै नाफामुलक अमुक सस्थाबाट गराउने गरी वजेट व्यवस्था गरेको देखियो । यसरी निश्चित कार्यविधि नवनाई अमुक सस्थालाई कार्यक्रम सञ्चालन गर्न दिंदा प्रतिस्पर्धात्मक विधि अवलम्वन नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ । यसरी सस्था तोकी वजेट व्यवस्था गरी कार्यक्रम सञ्चालन भएका केही उदाहरण देहाय बमोजिम छन
<table>
<tr><td>भौ न मिति</td><td>कार्यक्रम/ वजेट व्यवस्था</td><td>भुक्तानी पाउने</td><td>रकम</td></tr>
<tr><td>१३८।२०७८।११।१०</td><td>पंचदेव महिला सहकारी सस्था पुस्प खेती</td><td>पंचदेव महिला बहुउदेश्यिय सहकारी सस्था लि</td><td>५,००,००० ।</td></tr>
<tr><td>१९८।२०७८।१२।२</td><td>सहारा वचत तथा ऋण सहकारी सस्था लि दलित सशक्तिकरण कार्यक्रम जातीय छुवाछुत सम्वन्धि अभिमुखिकरण तालिम र सहकारी व्यवस्थापन तालिम</td><td>सहारा वचत तथा ऋण सहकारी सस्था लि</td><td>७,००,०००।</td></tr>
<tr><td>२१८।०७८।१२।७</td><td>कोपिला सहकारी सस्था महिला सशक्तिकरण तालिम</td><td>कोपिला महिला वचत तथा ऋण सहकारी सस्था लि</td><td>१,५०,०००।—</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३८१।०७९।१।२३</td><td>भवानी महिला वचत सहकारी शिक्षण कार्यक्रम</td><td>भवानी महिला बहुउदेश्यिय सहकारी सस्था लि</td><td>२,००,०००</td></tr>
<tr><td>२१२।०७८।१२।६</td><td>जुनकिरी रिसोर्ट पर्यटन प्रवर्द्धन कार्यक्रम</td><td>जुनकिरी रिसोर्ट</td><td>२,००,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७.२</td><td>६५२</td><td>२०७९ -३-२०</td><td>शिलाई कटाई तालिम पालिकाले शिलाई कटाई तालिम शेलेक्सन सिलाई सेन्टर कार्यक्रमबाट शेलेक्सन सिलाई सेन्टरलाई रु ६,००,००० भुक्तानी गरेको छ । पालिकाको स्वीकृत वजेट तथा कार्यक्रममा नै शेलेक्सन सिलाई सेन्टरबाट सिलाई कटाई तालिम सञ्चालन गराउने उदेश्यले रु ६,००,०००। वजेट व्यवस्था गरी कार्यक्रम सञ्चालन गरेको छ । पालिका अन्तर्गतको उद्योग विकास शाखामा सयोजक १ र सहजकर्ता २ जना समेत ३ जना जनशक्ति विद्यमान रहेको अवस्थामा सोही शाखाले यस्ता तालिम सञ्चालन गर्ने अवस्था हुँदा हुँदै वाह्य संस्थालाई वजेटमा नै तोकेर कार्य सञ्चालन गराउनु उपयुक्त देखिएन ।प्रतिस्पर्धा वेगर सोझै अमुक संस्थालाई कार्यक्रम सञ्चालन गर्न दिने कार्यमा सुधार हुनुपर्दछ । त्यस्तै तालिम सञ्चालन गर्ने सस्थाले पेश गरेको प्रस्तावना पत्रमा १० जनालाई सिलाई कटाई तालिम दिई कार्यक्रम सम्पन्न पश्चात तालिमको लागि खरिद गरी प्रयोग भएका रु १,२०,०००।०० का १० थान शिलाई मेसिन तालिममा सहभागीहरु लाई वितरण गर्ने उल्लेख भएकोमा वितरण गरेको नदेखीएको रु १२००००</td><td>१२०,०००</td></tr>
<tr><td>६७.३</td><td>८०</td><td>२०७८ -९-५</td><td>विउ तथा विषादी खरिदः वाली सरक्षण सेवा कार्यक्रम रोग किरा नियन्त्रण तथा व्यवस्थापन कार्यक्रमबाट न्यु कृषक सेवा केन्द्र कैलालीबाट रु १,१९,२५० का विभिन्न विषादी तथा फुलको विउ खरिद गरी भुक्तानी गरेको छ । उक्त खरिद विल फोटोकपी विल भएको तथा खरिद गरीएका विउ तथा विसादि कसलाई वितरण गरेको हो सो को भरपाई नभएकोले सक्कल विल तथा भरपाई पेश गर्नुपर्ने रु ११९२५०</td><td>११९,२५०</td></tr>
<tr><td>६७.४</td><td>५२</td><td>२०७८ -११-३०</td><td>पालिकाले वडागत कार्यक्रम अन्तर्गत वडा नं ८ मा हाते ट्रयाक्टर मेसिन खरिद गर्दा विराज्ञ एग्रो मेटेरियल्स एण्ड सप्लायर्स फर्मका राकेश सिंहवाट प्रति थान ८००००।०० का दरमा १५ थानको जम्मा रु १३६००००।०० को सोझै खरिद गरेको छ । शतप्र तिशत अनुदानको कार्यक्रममा विभिन्न ८ जनालाई हाते ट्रयाक्टर मेसिन वितरण गरेको भरपाई पेश गरेको र वाँकि ७ जनालाई वितरण गरेको भरपाई पेश नभएकोले नपुग ७ जनालाई वितरण गरेको भरपाई पेश गर्नुपर्ने अन्यथा सम्वन्धित विराज्ञ एग्रो मेटेरियल्स एण्ड सप्लायर्स वाट असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>५६०,०००</td></tr>
<tr><td>६७.५</td><td>६२७</td><td>२०७९ -३-१९</td><td>अनुगमन प्रतिवेदनः वडा न ८ अन्तर्गत विपन्न समुहका वासिन्दालाई लक्षित गरी आयमुलक रोजगारमुलक सीपमुलक तालिम प्रशिक्षण कार्यक्रम वाफत रु ३,००,००० तथा उन्नत जातका विउ विजन विषादी फलफुल विरु वा खरीद वाफत रु १,९०,००० समेत रु ४,९०,००० मा विभिन्न करकट्टी गरी वडा सचिव श्री धर्मराज जोशीलाई रु ४,६६,२६७ भुक्तानी गरेको छ । उक्त तालिम सम्पन्न तथा खरिद सामान वितरण सम्वन्धमा जिम्मेवार पदाधिकारीबाट अनुगमन गरी प्रतिवेदन पेश नगरेको रु ४९००००</td><td>४९०,०००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>कृषि तथा पशु कार्यक्रम</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६८.१ | १९१ | २०७९ -३-२१ | **सुन्तला जातका फलफुल पकेट विकास कार्यक्रमः** पालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुन्तला फलफुल पकेट विकास कार्यक्रमका लागि विभिन्न ११ वटा कृषि फर्म तथा समुहको सहभागीता रहने गरी पालिकाबाट रु १२,००,०७७।- तथा लाभग्राहीबाट १२,३४,३६६।- व्यहोर्ने गरी कुल २४,३४,४४३।- लागत अनुमान तयार गरेको देखिन्छ । पालिकाले उक्त कार्यका लागि कृषि शाखा प्रमुख राम बहादुर खडका ले पेश गरेका विल भरपाईका आधारमा रु १०,३७,५००।- पेश्की फर्छ्यौट गरेको छ । प्राप्त विल भरपाइ अनुसार फलफुल विरु वा खरिद रु १,२५,०००।- खाल्डो खनेको खर्च भरपाई रु ८,२८,६३०।- ढुवानी प्याकिङ चार्ज अनुगमन र अन्य खर्च समेत ८३,८७०।- समेत रु १०,३७,५०० ।-को विल भरपाई पेश भएको छ । शुरु लागत अनुमान तथा सम्झौता अनुसार पालिकाले कुल लागतको ४९.२९ प्रतिशत व्यहोर्नुपर्ने देखिन्छ । यस कार्यमा लाभ ग्राहीको कार्यको अंश खुल्ने गरी कार्य सम्पन्न गरेको प्रतिवेदन पेश नभएको हुदा लागत अनुमान तथा सम्झौता अनुसारको कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा पालिकाले भुक्तानी गरेको रकम मध्ये पालिकाको अश ४९.२९ प्रतिशतले हुने रु ५११३८४ कटाई बाँकी रु ५२६११६ सम्बन्धित लाभग्राहीबाट असुल हुनुपर्ने रु | ५२६,११६ |
| ६८.२ | १८९ | २०७९ -३-२१ | **किसान सुचिकरण कार्यक्रमः** पालिकाले सर्शत कृषि तर्फको किशान सुचीकरण कार्यका लागि विभिन्न ६ जनासँग मित २०७९।३।१ देखि २५ सम्ममा काम सम्पन्न गर्ने गरी पालिकाभित्रका विभिन्न वडाका कृषकहरु को वास्तविक विवरण अनलाइन माध्यामबाट प्रविष्टि गर्न सम्झौता गरेको छ । सम्झौता अनुसार दोस्रो पक्षलाई पहिलो पक्षले कृषकहरु को विवरण प्रविष्टी गरिदिए वापत प्रति घरधुरी रु १२५ का दरले हुन आउने एकमुष्ट रकम कार्य सम्पन्न भए पश्चात सर्भरको प्रतिवेदनका आधारमा दोस्रो पक्षको बैंक खातामा उपलब्ध गराइने उल्लेख छ । तर सम्झौता अवधिमा काम सम्पन्न नगरेकै अवस्थामा पालिकाले ६ जनालाई जनही रु ४५,०००।- का दरले रु २,७०,०००।- भुक्तानी गरेको छ । उक्त कार्य हाल सम्म पनि सम्पन्न नभएको तर कार्य जारी रहेको जनाएको छ । सम्झौता विपरित काम सम्पन्न नभई रकम भुक्तानी दिने कार्य नियम सम्मत नदेखीएको रु २,७०,०००।- | २७०,००० |
| ६८.३ | १७२ | २०७९ -३-१८ | **वितरण भरपाईः** पालिकाले पशु आहारा मिशन कार्यक्रम अन्तर्गत मेमोरियम एग्रो भेट सेन्टर कैलालीबाट रु ३,००,०००।- को UMMB BLOCK २००० के जी खरिद गरी विभिन्न पशुपालक किशानलाई वितरण गरेको छ । वितरण भरपाई परीक्षण गर्दा ५७६ के जी मात्रको भरपाई पेश भएको छ । वाकी १२२४ केजी वितरणको भरपाई पेश नभएको हुदा वितरण भरपाई पेश हुनुपर्ने रु | १८३,६०० |
| ६८.४ | ५३२ | २०७९ -३-७ | **दुध आत्म निर्भर कार्यक्रमः** पालिकाले दुध आत्म निर्भर कार्यक्रम अनुदानमा उन्नत गाई वितरण कार्यक्रमबाट ना प स्वा प्रा श्री प्रकाश बहादुर खडकाले पेश गरेका विल भरपाईका आधारमा रु ४,५०,०००। पेश्की फछर्यौट गरेको छ । उक्त विल भरपाई मध्ये नवलपरासी तथा रुपन्देही देखि बझाङ्ग सम्म २ वटा गाडीको भाडा रु १,५०,०००।०० का दरले रु ३,००,०००।००, किशान तर्फ २ जना तथा १ जना प्राविधिक कर्मचारीको दै.भ्र.भ. रु ३०,३१०।०० तथा गाइको घाँस, दाना, औषधी लगायतमा रु १,१९,६९०।०० समेत रु ४,५०,०००। खर्च भएका विल भरपाई सलग्न गरेको छ । गोलाई पडेस महिला गाई पालन समुहले १० बटा तथा जालपा कृषक महिला वचत तथा ऋण सहकारी सस्थाले १० बटा गाई आफ्नो खर्चमा खरिद गरेको र गाई खरिद स्थान देखि आमा समुह सदस्यहरु को घरगोठ सम्म ल्याउदाको खर्च पालिकाले व्यहोरेको पालिकाको भनाई रहेपनि सो सम्वन्धमा पालिकाबाट कुनै निर्णय गरेको नदेखीएको, सो सम्बन्धमा कृषक समुहसँग कुनै सम्झौता समेत भएको नदेखीएको हुदा उक्त खर्च नियम सम्मत नदेखीएको रु | ४५०,००० |

६९

**प्रधानमन्त्री रोजगार कार्यक्रम—** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो, घोरेटो र पखाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१६ जनालाई रोजगारी उपलव्ध गराई रु. १३८२४०००।०० खर्च गरेको जनाएको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। यस सम्बन्धमा नगरपालिकाले निम्नानुसार काम भएको जनाएको छ ।

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | लडेनी खोला रातापानी पिमिडाँडा टोट्की हुदै लेखपाटा घोरेटो बाटो निर्माण | २१ | १३४४००० | ११२४००० |
| | तलिघर देखि खोलिहुदै जनजागृती बिद्यालय सम्म बाटो सोलिंग | ४ | २५६००० | |
| २ | राजकोट मोर्तोली घोरेटो बाटो मर्मत | १६ | १०२४००० | |
| | बालबिकास मा बि घेरबार | ९ | ५७६००० | |
| ३ | भैरब प्रा वि घेरबार | ८ | ५१२००० | |
| | डुंग्री देखि राजकोट जाने पिपल चौतारा सम्म बाटो मर्मत | १५ | ९६०००० | |
| ४ | गोलाई गाड देखि ढाक्रेखोला सि कु तथा बस्ति भित्रका गरेटो बाटो मर्मत | १० | ६४०००० | |
| ५ | कोटेली खानेपानि मर्मत तथा बाटो मर्मत | १४ | ८९६००० | |
| ६ | भवानी मा वि घेरबार मर्मत | १८ | ११५२००० | |
| ७ | ढुंगेधारा तथा गोरेटो बाटो निर्माण | ६ | ३८४००० | |

| | | | |
|---|---|---|---|
| ८ | सेलाखेत बेलढुंगा कालेगडा पैयातोला जोशीगाउ जिरोपिन्या घट्ट सम्म बाटो मर्मत | १८ | ११५२००० |
| ९ | लवासैन मन्दिर पार्क तथा मन्दिर घेरबार मर्मत | ३ | १९२००० |
| १० | चैनपुर सिचाई कुलो मर्मत | २६ | १६६४००० |
| ११ | श्री नानन्देव प्रा वि घेरवार | ४८ | ३०७२००० |
| जम्मा | | २१६ | १३८२४००० |

| | | | | |
|---|---|---|---|---|
| ७० | | | **सामाजिक सुरक्षा भत्ता थप कार्यक्रम** | |
| ७०.१ | ६८० | २०७९ -३-२२ | **एकल पुरुष भत्ताः** पालिकाको मिति २०७८।३।१५ मा बसेको नगरसभाको बैठकले ५० देखि ७० वर्ष ननाघेका कुनै किसिमका भत्ता नपाउने एकल जेष्ठ पुरु षलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने निर्णय गरेको देखिन्छ ।उक्त निर्णयमा प्रति व्यक्ति कति रकम उपलब्ध गराउने उल्लेख छैन । यस वर्ष पालिकाले यस कार्यक्रमका लागि रु १२,००,००० विनियोजन गरी १ देखि ११ नम्वर वडाका विभिन्न ९५ जनालाई दामासायी हिसावले प्रति व्यक्ति रु १२,६३२ का दरले वितरण गरी श्री नविन बहादुर खडकाको नाममा रहेको पेश्की फर्छ्यौट गरेको छ । यसरी रकम वितरण गर्दा लाभग्राहीको नाममा खाता खोली खातामा रकम जम्मा नगरी भरपाई गराई भुक्तानी गरेको छ ।यसरी भरपाई गराउँदा पनि कतिपय लाभग्राहीले आफैले रकम नवुझी आफन्तले बुझेको जनाएको छ तर नाता प्रमाणीत गर्ने कुनै कागजात सलग्न गरेको छैन । यसले गर्दा सम्वन्धित लाभग्राहीले रकम प्राप्त गरे नगरेको सुनिश्चित नहुने हुदा पालिकाले यस तर्फ सचेत हुनुपर्ने देखिन्छ । | |
| ७०.२ | | | पञिकरण शाखाको अभिलेखमा नाम रहेका वडा न ४ का झिल्के कामी भारत गएको तथा वडा न ७ का शेर बहादुर महरको मृत्यु भएकोले २ जनाको नामको बचत भएको रकम हातले नाम थप गरी पजिकरण शाखाको अभिलेखमा नाम नभएका वडा न ७ का हरी बहादुर महर तथा वडा न ११ का जोग बहादुर बोहरा लाई जनही रु १२,६३२ का दरले रु २५,२६४ वितरण गरेको भरपाई सलग्न छ । उक्त व्यक्ति वास्तविक लाभग्राही भए नभएको सम्वन्धमा पालिकाले एकीन गर्नुपर्ने देखिएको रु | २५,२६४ |
| ७१ | | | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| ७१.१ | | | **सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ.व. २०७८/७९ मा यस पालीकाका ११ वटा वडाको लागि सामाजिक सुरक्षा भत्ता बापत रु ९१६५४७८६।०० खर्च भएको देखिन्छ । यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ । | |
| ७१.२ | | | **सामाजिक सुरक्षा कार्यक्रम -** | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति **२०७९-१२-२१** को निर्णयाबाट रु. १,५७,१०४। सम्परीक्षण गरिएको । | |
| ७१.३ | | | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरु को फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिरकरण विभागले सञ्चानलनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम. आइ .एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम. आइ .एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको देखिएन । | |
| ७१.४ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ अनुसार पालीकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालीकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । नगरपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |
| ७१.५ | | | **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ । त्यस्तै पालीकाले सामाजिक सुरक्षा भत्ता प्रदान गर्न उमेर पुगेका तथा संभाव्य लाभग्राहिको विवरण नभएकोले अधिकांश लाभग्राहिले भत्ता पाउन वाट वञ्चित हुनुपरेको छ । एम आई एस सिस्टम मा उल्लेख भएका लाभग्राहिलाई बैंक खाता खोल्ने तथा भत्ता सुविधा प्रदान गर्न वडा तथा पालीकाले पहल गर्नुपर्ने र सेवा सुविधा लिन नआएकाको लगत अद्यावधिक गर्नुपर्ने देखीन्छ । | |
| ७२ | | | **ढुंगा गिट्टी वालुवाको कर** | |
| ७२.१ | | | **बजेट बक्तव्यको कार्यान्वयनः** नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्यमा यस पालिका भित्र संचालित साना ठूला सबै किसिमका विकास निर्माणका योजनाहरु मा प्रयोग हुने ढुंगा गिट्टी बालुवा तथा नदिजन्य पदार्थको विवरण लिइ बीओक्यूका आधारमा कर असुली गर्ने उल्लेख छ । तर पालिकाले यो वर्ष उल्लिखित व्यवस्था अनुरुप प्राकृतिक स्रोतमा कर लगाउन सकेको देखिएन । नदिजन्य पदार्थको चोरी निकासी अत्याधिक हुने तर नगरपालिकाले अत्यन्तै न्यून ढुंगा गिटि वालुवा माथिको कर संकलन गरेको देखिएकोले बजेट बक्तव्यमा उल्लिखित नीतिको कार्यान्वयन हुनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ७२.२ | | | **गिट्टी, ढुंगा, बालुवाको कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १ च, ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरु को दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरु ले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन २०७५ द्धारा खारेज गरी दफा ६२ क थप गरेर स्थानिय तहहरु ले गिट्टि ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७७ को दफा ८ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७७ को दफा ८-३अनुसार गिट्टि ढुंगा वालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखीला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ जारी गरी गिट्टि ढुंगा वालुवा वापको राजस्व स्थानियले संकलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क विपरित देखिन्छ । पालिकाले गिट्टि ढुंगा वालुवा विक्रिवाट रु ३४४४०३।०० राजस्व प्राप्त गरेको र पुरै स्थानीय संचितकोषमा जम्मा गरेको देखियो । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ७३ | | | **रसिद नियन्त्रण खाता :** पालिकाले राजश्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता ( म.ले.प.फ.न ९०४) तयार गरी राख्नु पर्नेमा सो वमोजिम रसिद नियन्त्रण खाता राखेको छैन । जसबाट पालिकासँग रहेको विगतको वाँकी नगदी रसिद, यस वर्ष छपाई भएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा पालिकाको राजस्व शाखालाई उपलव्ध गराएको रसिद के कति संख्यामा रहेका थिए यकिन गर्न सकिएन । वडा कार्यालयहरुलाई यस वर्ष पालिकाबाट उपलब्ध गराएका रसीद भन्दा फरक नंवरका नगदि रसीदहरु समेत प्रयोग भएको देखियो । परीक्षण गरिएका रसिद मध्ये वडा नं १० लाई यस वर्ष उपलव्ध गराएका रसिदवाट रु २३१३५०।०० प्राप्त भएको देखिन्छ भने सो भन्दा फरक नंवरका रसीदवाट रु ७८१००।०० प्राप्त भएको देखिन्छ । त्यसैगरी वडा नं ४ लाई लाई यस वर्ष उपलव्ध गराएका रसिदवाट रु ४३२५०।०० प्राप्त भएको देखिन्छ भने सो भन्दा फरक नंवरका रसिदवाट रु ११५५०।०० प्राप्त भएको देखिन्छ । यसरी फरक रसिदको प्रयोगवाट समेत राजस्व संकलन भएको देखिदा यस वर्ष पालिकाले वडा लगायत पालिकाको राजस्व शाखावाट नगदी रसिदको प्रयोग गरी उठाएको जम्मा रु ८४३३५४९।०० मात्र यस वर्षको वास्तविक आम्दानी हो भनि यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले सवै वडा तथा पालिकाको राजस्व शाखामा वास्तविक रुपमा प्रयोग भएका रसिदहरु यकिन गरी राजस्व आम्दानी सम्वन्धमा सुनिश्चित हुनुपर्दछ । | |
| ७४ | | | **कर असुली** | |

७४.१

**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 800000 | 2128307 I 56 | 266.04 |
| घर वहाल कर | 600000 | 1264017 I 10 | 210.67 |
| व्यवसायले भुक्तानी गर्ने कर | 1400000 | 1830255 I 26 | 130.72 |
| अन्य बिक्रिबाट प्राप्त रकम | 1500000 | 520153 | 34.68 |
| अन्य कर | 5033000 | 3262684 I 57 | 64.83 |

नगरपालिका भित्र रहेका करदाताहरु को अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

७४.२

**मु अ कर असुल नभएको:** मूल्य अभिवृद्दि कर ऐन २०५२ को दफा १५ ३ स्थानीय तहले मूल्य अभिवृद्दि कर लाग्ने वस्तु वा सेवा विक्रि गर्दा मूल्य अभिवृद्दि कर असुल गर्नु पर्ने व्यवस्था छ ।त्यसै गरी ढुंगा गिटि वालुवा उत्खनन विक्री तथा व्यवस्थापन मापदण्ड २०७७ को बुँदा नं १८ मा नदिजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्दि करमा दर्ता हुनु पर्ने र अनुसुची २क र २ख मा नदी जन्य पदार्थ विक्रीका लागि बोलपत्र आहवान गर्दा मु अ कर वाहेकको अंकमा बढाबढ गर्नु पर्ने र मु अ कर समेतको अंक बुझाउने गरी ठेक्का सम्झौता गर्नु पर्ने व्यवस्था छ ।यो वर्ष पालिकाले विष्णुवहादुर खड्का र पुर्णवहादुर कँवरलाई कर्मचारी खटाई रु ३४४४०३।०० संकलन गरी स्थानीय संचित कोषमा दाखीला गरिएको छ । ऐनको व्यवस्था अनुसार ठेक्का नलगाएको कारण मु अ कर समेत संकलन हुन सकेको देखिएन । पालिकाले समयमा नै ठेक्का व्यवस्थापन गरी आन्तरीक आय तथा राजस्व वृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।

७५

बेरुजु लगत तथा सम्परीक्षण

यस वर्ष फछ्यौंट भएको वेरुजुको विवरण निम्नानुसार रहेको छ ।

| सि.न. | बेरुजु दफा न. | बेरुजुको व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | ९५/२०७६.७७ | मालिका इन्जिनियरिग एण्ड वर्कस प्रा लि | | | | ३८४००० | ३८४००० |
| २ | | कुर्मुलीगाड झोलुगेपु उ स | | | | ६००००० | ६००००० |
| ३ | | कलक बहादुर ओली | | | | २५२०० | २५२०० |
| ४ | | गगन बहादुर सिह | | | | २५२०० | २५२०० |
| ५ | | नवराज कोइराला | | | | २५२०० | २५२०० |
| ६ | | कलक बहादुर ओली | | | | ३०००० | ३०००० |
| ७ | | गगन बहादुर खाती | | | | ३०००० | ३०००० |
| ८ | | नवराज कोइराला | | | | ३०००० | ३०००० |
| ९ | | बजीर बहादु खडका | | | | ३०००० | ३०००० |
| १० | | जनक बहादुर सिह | | | | ३५०००० | ३५०००० |
| ११ | | कल्पना जोशी | | | | १५०००० | १५०००० |
| १२ | | सामाजिक विकास केन्द्र | | | | ७७६५०१ | ७७६५०१ |
| १३ | | रामचन्द्र जोशी | | | | ३१७००० | ३१७००० |
| १४ | 86 ग/076.77 | कुम्भराज सुवेदीको सामाजिक सुरक्षाको दोहोरो भुक्तानीको रकम असुल गर्नुपर्ने | | | | ४८०० | ४८०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | 78/२०७५।७६ | शहरि स्वास्थ्य इकाइ छयाला | | | | १२७५०० | १२७५०० |
| १६ | ६१ | तलब भत्ता बढी निकासा दाखिला हुनुपर्ने | ७४१३० | | | | ७४१३० |
| १७ | ६२ | अवकास पछिको बढि निकासा असुल हुनुपर्ने | ५८९७१ | | | | ५८९७१ |
| | | जम्मा | १३३१०१ | | | २९०५४०१ | ३०३८५०२ |